मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9844036278
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

वैभव — शनिबार ४ पृष्ठको वैभव

**वीरेन्द्र रमण** - मिथिलाको पुरातात्विक इतिहास

**रामचन्द्र भट्ट** - सिक्रे नियतले बच्चासँग अंग्रेजी बोल्नुहुन्छ ?

**संकेत कोइराला** - पानीले पानीमा पानी लेख्ने होड

जय शाहः 'नेपोटिज्म'को आरोप खेपेका एक कुशल प्रशासक

भविष्यमा धेरै रोजगारी उपलब्ध हुने पाँच क्षेत्र र आवश्यक सीप

वर्ष २ • अंक २८३ • २०८१ साल भाद्र १५ गते शनिवार • Saturday 31, August 2024 • सूर्योदयः बिहान ५:४१ बजे • सूर्यास्तः साँझ ६:३४ बजे • पृष्ठ ४+४ • मूल्य रु. ५/-

# जनकपुर उद्योग वाणिज्य संघको अध्यक्षमा तीन जनाको उम्मेदवारी

**उम्मेदवारहरुको नामावली**

**अध्यक्ष**
मनिष रमण साह
जितेन्द्र प्रसाद साह
सुरेन्द्रकुमार भण्डारी माली

**वरिष्ठ उपाध्यक्ष**
मनोजकुमार साह
विकासकुमार चौधरी
अम्भु प्रसाद साह

**उपाध्यक्ष**
लक्ष्मण साह
विश्वनाथ साह सुडि
महिला उपाध्यक्ष
रिंकु साह
मायाकुमारी
सरिता ठाकुर

**महासचिव**
फुलदेव पण्डित
गणेशकुमार साह
अशोककुमार चौधरी
सुधिर पंजियार

**सचिव**
नरेन्द्र विक्रम साह
राकेश पंजियार
श्रवणकुमार साह
गोपि साह

**कोषाध्यक्ष**
रामचन्द्र पंजियार
मनोजकुमार शर्मा
राकेशकुमार साह
परमेश्वर साह

**एसोसिएट सदस्य**
दिपककुमार साह
अभिषेककुमार चौधरी

**कार्यसमिति सदस्य**
रमेश महतो
सन्तोषकुमार गामी
मणिशंकर प्रसाद साह
दुर्गेशकुमार साह
दिप मणि साह
प्रवीणकुमार साह
सुरेन्द्र दास
धर्वेन्द्र साह
गौरीशंकर साह
निरजकुमार साह
रामजिवन साह
राकेशकुमार साह
जिवछ साह
बलरामकुमार साह
धुव्रकुमार साह
सुनिल दास

**सम्बद्ध सदस्य**
जनकपुर कपडा तथा रेडिमेड
जनकपुर सुनचांदी व्यवसायी संघ



**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष पदमा तिन जनाले आफनो उम्मेदवारी दर्ता गराएका छन् ।

संघको नयाँ नेतृत्वको निर्वाचन कार्यतालिका अनुसार शुक्रबार उम्मेदवारी दर्ता गराउने समय तोकिएको थियो । अध्यक्ष पदमा जितेन्द्र प्रसाद साह, सुरेन्द्र भण्डारी र मनिष रमण साहले उम्मेदवारी दर्ता गराएका छन् ।

सुरेन्द्र होटेल व्यवसायी हुन भने जितेन्द्र अल्मुनियम र मनिष ज्वेलरीको व्यापार गर्छन । जितेन्द्र यसअघि वरिष्ठ उपाध्यक्ष भएर जनकपुरधाम उद्योग वाणिज्य संघको नेतृत्व सम्हालि सकेका छन् भने पछिल्लो निर्वाचनमा अध्यक्ष पदमा पराजित भएका थिए । भण्डारी सदस्य, महासचिव तथा उपाध्यक्ष भएर काम गरिसकेका छन् । त्यस्तै मनिष वर्तमान कार्यकाल वरिष्ठ उपाध्यक्ष भएर उद्योग वाणिज्य संघको नेतृत्व पंक्तिमा रहेर काम गरेका छन् । उम्मेदवारी गराउन उम्मेदवारहरु आ–आफनो समर्थकहरुको जुलुससँग पुगेका थिए ।

उम्मेदवारी दर्ता गराए पछि संचारकर्मीहरुसँग कुरा गर्दै जितेन्द्र साहले आफुहरुले विगतमा समेत अध्यक्षमा उम्मेदवार बनेको र पराजित भएको बताउदै यस पटक भने व्यापारीहरुले आफुलाई जिताउनेमा विश्वस्त रहेको बताए । उनले आफनो उम्मेदवारी व्यापारी संस्थालाई व्यापारीको रुपमा नै रहनको लागि परेको बताउँदै गलत प्रवृतिको विरोधमा भएको बताए । साहले भने, 'आफु जहिले व्यापार संघमा रहेर विभिन्न पदमा जिम्मेवारी पुरा गर्दै व्यापारीको हितमा र गलत कार्यको विरोधमा काम गर्दै आएका छौँ ,यस पटक समेत व्यापारीको संस्थालाई व्यापारीलाई रहन दिनको लागि उम्मेदवारी दिएको र यस पटकको उम्मेदवारी आफनो अन्तिम उम्मेदावरी रहेको छ ।'

अर्को अध्यक्ष पदका उम्मेदवार सुरेन्द्र भण्डारीले आफु भन्सार नाकाहरुलाई उद्योग व्यापारी तथा सरकारी नियामक निकायसँग सहकार्यमा चुस्तदुरुस्त बनाई जनकपुरधाम सहित धनुषा जिल्लाकै व्यापारलाई गतिशील बनाउने नीति तर्जुमा गर्ने र धनुषामा रहेका पालिकामा संघको शाखा विस्तार गरिने बताए । उनले अहिलेको सिथिल रहेको व्यापारलाई सबल बनाउनको लागि आफुहरु आफनो तर्फबाट हुने सहयोग गर्ने बताए । भण्डारीले व्यापारको सहज वातावरण बनाउने जिकिर गरे ।

त्यसैगरि अध्यक्ष पदका अर्को उम्मेदवार मनिष रमण साहले जनकपुरधाम आउने पर्यटकहरुलाई सहज वातावरणको निर्माण गरेर उनीहरुलाई टिकाएर यसबाट आर्थिक उपार्जन गर्ने वातावरण बनाउने जिकिर गरे । उनले जनकपुरधाममा अत्याधिक रुपमा हुने गरिएको घरभाडाको वृद्धिको कारणले व्यापारीहरुलाई सबै भन्दा बढि समस्या हुने गरेको बताउँदै घर भाडामा एकरुपता ल्याउनको लागि आफनो तर्फबाट पहल गरिने बताए ।

## प्रहरीमा ३० वर्षे सेवा अवधि कायम




**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल प्रहरीमा ३० वर्षे सेवा अवधि नै कायम हुने भएको छ । ३० वर्षे सेवा अवधि विवादमा सर्वोच्च अदालतले यसअघि जारी गरेको अन्तरिम आदेश खारेज गरेसँगै ३० वर्षे सेवा अवधि कायम भएको हो । शुक्रबार न्यायाधीशहरू विनोद शर्मा र शारंगा सुवेदीको इजलासले ३० वर्षे सेवा अवधिबाट अवकाशमा नपठाउन दिएको अन्तरिम आदेश खारेज गरेको सर्वोच्च अदालतका प्रवक्ता अच्युत कुइँकेलले जानकारी दिए ।

नेपाल प्रहरीका एसएसपी जीवनकुमार श्रेष्ठसहित २१ जनाले ३० वर्षे सेवा अवधिबाट आफूहरूले अवकाश पाउन लागेको भन्दै सर्वोच्चमा रिट दायर गरेका थिए । उनीहरूले दायर गरेको रिटमा भदौ ६ गते सुनुवाइ गर्दै न्यायाधीश हरिप्रसाद फुयालको इजलासले प्रहरीको पक्षमा अन्तरिम आदेश जारी गरेको थियो । उक्त आदेशले तत्काललाई सेवा अवधिबाट अवकाशमा कसैलाई पनि नपठाउन र अवकाशको पत्र समेत कार्यान्वयन नगराउन अन्तरिम आदेश दिएको थियो । त्यसपछि प्रहरीका २१ जनासहित अन्य प्रहरी अधिकारीहरूको पनि अवकाश रोकिएको थियो ।

तर सर्वोच्चको आदेशले प्रहरी संगठनमा समस्या देखिएको भन्दै गृह मन्त्रालयका गृहसचिव एकनारायण अर्यालले यस अन्तरिम आदेशबारे पुनर्विचार गर्न भन्दै महान्यायाधिवक्ता कार्यालयमार्फत भ्याकेट दिएका थिए । शुक्रबार सर्वोच्च अदालतले दिएको आदेशसँगै १६ भदौदेखि नेपाल प्रहरीका ९० अधिकृतहरु ३० वर्षे सेवा अवधिका कारण अनिवार्य अवकाशमा जाने भएका छन् । त्यस्तै सशस्त्र प्रहरी बलका १८ जना पनि अवकाशमा जाने भएका छन् । १६ भदौ २०५१ मा प्रहरी सहायक निरीक्षक (असई) मा भर्ना भएकाहरु ३० वर्षे सेवा अवधिका कारण अवकाशमा जाने भएका हुन् । प्रहरी नियमावली २०७१ मा सेवावधिका आधारमा अवकाश हुने व्यवस्था छ । निजामती सेवामा ५८ वर्षे उमेरहद मात्रै लागू छ । सैनिक सेवा, शिक्षक सेवा, स्वास्थ्यसेवामा ४० वर्षे उमेरहदका आधारमा अवकाश हुने ब्यवस्था छ । न्यायसेवामा न्यायाधीशहरू ६५ वर्षसम्म कार्यरत हुन सक्छन् ।

प्रहरीमा ३० वर्षे सेवाअवधि हटाउन गृह मन्त्रालयमा छलफल भइरहेको छ । नेपाल प्रहरी र सशस्त्र प्रहरीको अवकाशको उमेर पुनरावलोकन गर्न बनेको कार्यदलको प्रतिवेदन स्वीकृत गरेर राय माग्न अर्थ मन्त्रालयमा पठाइएको छ । गृहका सह–सचिव झक्कप्रसाद आचार्य संयोजकत्वको कार्यदलले गृहमन्त्री रमेश लेखकलाई प्रतिवेदन पनि दिइसकेको छ । प्रतिवेदनमा बढीमा १० वर्ष र कम्तीमा पनि ६ वर्षभित्रमा पूर्णरूपमा ३० वर्षे सेवा अवधि सकिने जनाइएको थियो ।

कार्यदलले प्रहरीको पदावधि प्रत्येक वर्ष ६ महिनाको दरले थप्न भनेको थियो । आईजीपीको ३ वर्ष, एआईजीको ४ वर्ष, डीआईजीको ५ वर्ष, एसएसपी (नेपाल प्रहरीतर्फ) ८ वर्ष, एसपी र डीएसपीको १० वर्ष कायम गर्न सिफारिस गरिएको थियो । सशस्त्र प्रहरीका एसएसपीका लागि ७ वर्ष सिफारिस गरिएको थियो ।

# 'राज्यमन्त्रीलाई अपमानपूर्वक हटाइयो'



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सभाको बैठकमा बोल्दै प्रदेश सभाको धेरै जसो सदस्यहरुले प्रदेशको मन्त्रालय र मन्त्रीहरुको संख्या घटाउन माग गरेका छन् । उनीहरुले जम्बो मन्त्री परिषद् बनाएर एक्कासी हटाउने कार्य विवेक सम्मत नभएको भन्दै अझ मन्त्रीहरुको संख्या घटाउन माग गरेका छन् । प्रदेश सभाका सदस्य जिवछी देवी यादवले राज्य मन्त्रीहरु बन्दा धेरै जसो महिला र दलितहरु रहेको बताउँदै उनीहरुलाई राजीनामा समेत दिन वातावरण नबनाएर अपमानजनक पूर्वक हटाइएको भन्दै सरकारको आलोचना गरिन् । उनले राज्य मन्त्री बनाउँदा संविधान सम्मत रहेको बताउँदै प्रदेश सभा सदस्यहरुको संख्याको २० प्रतिशत राज्य मन्त्री बनाउने प्रावधान नै रहेको अवस्थामा केही दिनको लागि बनाउने फेरि हटाउनु गलत रहेको बताइन् । उनले भनिन्, 'आन्दोलन हुँदा राज्य मन्त्री फाल्ने, तपाईहरुको जम्बो टोली राखिराख्ने, प्रदेश सरकारको खर्च भार बढिरहेको छ भने मन्त्रालयको संख्या घटाउनुस् जेमा पनि महिलालाई नै पछाडि पार्ने यो भएन ।' प्रदेशसभा सदस्य शारदा पहाडीले समेत दलित वा महिला राज्य मन्त्री बन्न मात्रै लायक हो र भन्दै प्रश्न गरिन् । मन्त्रीपरिषद्मा दलित तथा महिला सहभागिता नगराइएकोमा उनले सरकारको आलोचना गरिन् । थापाले मधेश प्रदेशको कारागारहरुको अवलोकन गर्न प्रदेश सरकारको ध्यानाकर्षण गराउने माग गरिन उनले विभिन्न कागागारहरुमा कैदी बन्दीहरु मध्ये महिलाको अवस्था निकै कष्टकर छ भन्दै अनुगमन गर्न सरकार उनीहरुको समस्या प्रति प्रदेश सरकारलाई गम्भीर जोड दिइन् । त्यसैगरि प्रदेश सभा सदस्य उपेन्द्र महतोले मुख्यमन्त्रीको कारणले अहिले प्रदेश सरकारको कार्यशैलीमाथि नै प्रश्न खडा भएको बताए । उनले भने, 'कसले भने पछि तपाईहरुले यत्रो ठूलो मन्त्री परिषद् बनाउनु भयो अनि पछि उनीहरुलाई हटाउनु भयो ?' महतोले थपे, 'विस्तार गर्ने समयमा समेत आफुहरुले विरोध गरेको बताउँदै बर्खास्त गर्ने समयमा समेत गलत गरेको भन्दै विरोध गरेको बताउँदै हटाउनु पूर्वक जसरी राज्यमन्त्रीहरुलाई अपमान पूर्वक हटाइयो उनीहरुलाई राजीनामा दिन समेत मौका नदिएपछि त्यो गलत भएको हो ।' उनले भने, 'मधेश सरकारको अधिकांश मन्त्रालय निमित्त सचिवकै भरमा चलिरहेको छ, कर्मचारीहरु पनि छैनन्, मन्त्रालयहरुभन्दा बढी कर्मचारी त वडा कार्यालयहरुमा छन्, त्यसैले जम्बो मन्त्रीपरिषद्को कुनै काम छैन ।'

जनमत पार्टीका नेताहरु आफूलाई क्रान्तिकारी ठान्छन् भन्दै उनले भने, 'मुख्यमन्त्रीज्यू यदि साँच्चीकै क्रान्तिकारी कदम चाल्न चाहनु हुन्छ भने अहिलेको मन्त्रीपरिषदलाई ८ सदस्यीय मन्त्रीपरिषद् बनाउनुस् । सडकमा क्रान्तिकारी भाषण दिनु जति सहज हुन्छ त्यती नै गाह्रो कुर्सीमा बसेर काम गर्न हुन्छ ।'महतोले केही मन्त्रालयहरुको बजेट समेत नगरपालिका भन्दा कम रहेको बताउँदै यसले समेत मन्त्रालयको संख्या धेरै रहेको पुष्टि भईरहेको बताए । माओवादी केन्द्रकी शारदा दास पहाडिले अहिलेको यस्तो ठुलो मन्त्री परिषद्मा समेत समावेशिता नहुनु गम्भीर रहेको बताइन् । प्रदेश सभाको बैठकमा विकास समितिका सभापति शारदा शंकर कलवारले मधेश प्रदेश सवारी तथा यातायात व्यवस्था विधेयक समितिको प्रदेश पेश गरे । प्रदेश सभाको बैठक अनिश्चितकालको लागि स्थगित भएको छ ।

# मिथिलाको पुरातात्विक इतिहास





वीरेन्द्र रमण



**वीरेन्द्र रमण**

मिथिलाको पुरातात्विक इतिहासको कुरा गर्ने हो भने मिथिलाको राजनीतिक र भगौलिक सीमाको विषयमा समेत चर्चा गर्नुपर्ने आवश्यक हुन्छ। मिथिला सदैव राजनीतिक उथलपुथले भरिपूर्ण रहेको थियो जसकारणले गर्दा समितिको सीमा मात्रै परिवर्तन भएर यसको भगौलिक अवस्थामा समेत परिवर्तन आएको अवस्था छ। मिथिलाको पुरातात्विक विषयको चर्चा गर्नु पूर्व मिथिलाको भौगोलिक सीमाको विषयमा चर्चा गर्नु उपुयुक्त होला।

मिथिलाको विषयमा बौद्धकालीन विभिन्न जातक कथाहरुलाई लिएर समेत इतिहास लेखनको कार्यहरुलाई अगाडि बढाइएको अवस्था जसले मिथिला क्षेत्रको विषयमा प्रशस्त जानकारी भेट्टाउने गरिएको छ। हो विभिन्न जातक कथाहरुमा कतै मिथिला भनिएको छ भने कतै विदेह भनिएको छ भने कतै जनक भनिएको छ। र, समग्र रुपमा मिथिला क्षेत्रको भूभागको विषयमा नै लेखिएको अवस्था छ। सुरुचि जातकमा विदेह क्षेत्रका लागि यो राज्य ३०० योजनामा फैलिएको बताइन्छ। ३०० योजनालाई आधुनिक हिसाबले हेमचन्द्र राई चौधरीले ९०० माइल मानेका छन्। विदेह राज्यको राजधानी मिथिला सहर २१ माइलमा फैलिएको थियो। गान्धर जातकका अनुसार मिथिला २१ माइलमा फैलिएको थियो भने विदेह राज्य ९०० माइलमा फैलिएको थियो जसमा सोह्र हजार गाउँ र अथाह सम्पत्तिले भरिएको खजाना थियो भने अन्य जातकहरूमा यसको परिधि मिथिलाको परिधि रहेको बताइएको छ। सात योजनाहरू थिए जसको दूरी लगभग आठ योजना थियो। कौशिकीदेखि गण्डकसम्मको दूरीको आधुनिक मूल्यमा विद्वानहरूको एकमत छैन। मध्य मिथिला साहित्यमा उल्लेख भएअनुसार केही विद्वानहरूले यसलाई २.५ माइल ८ कोश (१६ माइल) मान्छन् भने अन्य समूहले यसलाई ४ कोश वा ९ माइल अर्थात् दिघा निकाय अथकथाको ४ गवत बराबर मान्छन्। एक योजनाको लम्बाइ रथको लम्बाइको हिसाबले यो बुद्ध घोषको नियतभन्दा धेरै भिन्न रहेको जनाउँछ सोही जातकमा एउटा डुंगाले सात दिनको यात्रा तय गरेको थियो। कुनै पनि डुङ्गाले एक दिनमा कम्तिमा २५ किलोमिटरको दुरी तय गर्ने भएकाले यो योजना मापनको एकदमै ठूलो एकाइ थियो भन्ने संकेत गर्छ।

यसरी आजको सन्दर्भमा 'प्राचीन योजना' को अर्थ सही मूल्य पत्ता लगाउन गाह्रो काम हो। यसका लागि गहिरो अनुसन्धान आवश्यक छ र त्यसपछि मात्र सही मापन लिन सकिन्छ।

यससँगै मथिलाको सीमाङ्कनका विषयमा पनि धेरै मतभिन्नता छन्। वाल्मीकि रामायण, विष्णु पुराण, वायु पुराण, असंगत पुराण र श्रीमद् भागवत पुराणमा मिथिलाको विस्तारको कुनै उल्लेख छैन। मिथिलाको पछिल्लो नाम त्रिभुक्ती हो कि तिरहुत भन्ने पनि विवादित विषय हो। बृहद विष्णु पुराणको मिथिला खण्डमा मिथिलालाई तिरहुतको पूर्वमा त्रिभुक्ती वा कौशिकी, पश्चिममा शालिग्राम (नारायणी वा पुरानो गण्डक), दक्षिणमा गंगा र उत्तरमा हिमालयको हिमाल राज्य भनिएको छ। यो पुराण पनि प्रारम्भिक मध्ययुगको उत्तरार्धमा लेखिएको हो, जसको उद्देश्य तीर्थस्थलहरूको संख्या गणना गर्नु हो। बृहद्विष्णु पुराणमा मिथिला खण्डको वर्णनको मूल्याङ्कन गर्न आवश्यक छ। यसमा भनिएको छ–

गंगा हिमवती मध्ये नदी पंचदशान्तरे।
तैरमुक्तिरिति ख्यातों देशः परमपाबन॥
कौशिकीन्तु सभारभ्य गण्डकी मधिगम्य है।
योजनानि चतुर्विंशत व्यायामः परिकीर्तनः॥
गंगा प्रवाहमारभ्य यावद्रेमवतं वनम।
विस्तारः षोडवः भ्रोको दशस्य फुलनन्दच॥
मिथला नाम नगरी नामस्तो लोक विमुत।
पंचमि कारणौः पुण्या दिखयाता जगतत्तिये॥



बृहद्विष्णु पुराणले दिएको मिथिलाको सीमांकनले १२ औं शताब्दीको आसपास गंगोटा बिहारपछिको भौगोलिक स्थानमा रहेको मिथिलालाई पुण्यरामको रूपमा वर्णन गरेको छ। यो समय थियो जब उत्तर बिहारको आधा भन्दा बढी जलमग्न क्षेत्र थियो, जसको बीचमा सानो नदी बेसिनहरूमा मानव बसोबासको प्रमाण छ। तसर्थ, बृहद्विष्णु पुराणको मिथिला खण्डलाई मिथिलाको सीमांकनको प्रमाणित स्रोत मान्ने विद्वानहरूका अनुसार मिथिला जिल्ला २४ योजना (१९२ किलोमिटर) लामो र १६ योजना (१२८ किलोमिटर) चौडाइ भएको क्षेत्र थियो। यदि यो सिमानालाई प्रमाणिक रूपमा स्वीकार गर्ने हो भने मिथिलाञ्चल पश्चिममा पुरानो गण्डक अर्थात् नारायणी (सीतामढीको पुरानो क्षेत्र) देखि पूर्वमा कौशिकीसम्म फैलिएको छ, जसलाई ब्राह्मणवादी विद्वानहरूले उत्तरमा हिमालयको फेदबाट कोशी भनेर चिन्छन्। गण्डकीदेखि दक्षिणमा बूढीगण्डकसम्म फैलिएको मानिन्छ।

गंगा वहधि जनकि दक्षिण दिशि पूर्व कोशिकी धारा।
पश्चिम वहथि गंडकी उत्तर हिमवन वत विस्तारा॥
मध्य वहथि लक्ष्मण प्रभृति से मिथिला विद्यामारा।

अर्थात् चन्द झाले पनि मिथिलाञ्चललाई पश्चिममा गण्डकी, पूर्वमा कोशिकी, उत्तरमा हिमाचल र दक्षिणमा गंगासम्म फैलिएको मान्थे। जहाँसम्म प्रारम्भिक मध्ययुगीन कालमा गंगाको अस्तित्वको सवाल छ, पूर्व र मुंगेरको काष्टहारानी घाटको बीचमा आएको बाढीका कारण गंगा बगेको थिएन। यो खोला हथिडाह नदीको हो, जसको तीव्र बहावका कारण गंगाले बारह नजिकै उत्तरायणलाई परिणत गरी दुई खोलामा विभाजन गर्यो – एउटा खोला समस्तीपुरको बरैला चौदमा र अर्को खोलाले बायाँ उपत्यका ढाकेको, पूर्वबाट दलसिंहसराई नजिक बगेको थियो। र बेगुसराय जिल्लाको कावर तालमा परेको थियो। यहीं गंगाले गण्डकी (बुढीगण्डक, वाग्मती र करेह) भेटिन्। त्यसपछि गंगा, यस ठूलो तालबाट निस्केको र कोसीलाई घेर्दै, मुंगेर काष्टहारानीको उत्तर–पूर्वमा सुल्तानगञ्ज नजिक जहाँगीरा नदीसँग भेट भयो। त्यसैले मिथिलाको सीमांकन सम्बन्धी साहित्यमा उल्लेखित गंगा अहिलेको धारा नभई अहिले गण्डकी र वाग्मती बग्ने धारा थियो, यो गंगाको पुरानो धारा र सीतामढीको दक्षिणपूर्वी भाग र दरभंगा जिल्लाको भूभाग थियो। ठूलो ताल थियो। तसर्थ यस भौगोलिक परिवेशमा मिथिलाको सीमांकन सम्बन्धी साहित्यमा उल्लेखित नदीलाई आफ्नो विद्यमान धाराबाट अलग मान्नुपर्छ।

धेरै विद्वानहरू मिथिला क्षेत्र समयसँगै बढ्दै गएको र घट्दै गएको विश्वास गर्छन्। कतिपय मैथिल विद्वानहरूले यसको सिमाना हिमालयको फेददेखि गंगा खोलासम्म र महानन्ददेखि पश्चिममा मूल गण्डक खोलासम्म रहेको मान्छन् र मिथिलालाई करिब २५ हजार वर्ग माइल क्षेत्रफलमा फैलिएको दाबी गर्छन्।



चिनियाँ यात्री 'हवेनसाग'को यात्रा विवरणमा मिथिलाको सट्टा विदेहको नाम आएको छ र यस समयमा विदेहको सिमाना मिथिला राज्य र मिथिला क्षेत्रको पूर्वी भागबाट भएको मानिन्छ, केही विद्वानहरूले मैथिली भाषालाई त्यहाँका मानिसहरूको रीतिरिवाज, मैथिला गोत्रहरूको बसोबासको भाषा मान्छन्, यसलाई मिथिला राज्यले आफ्नो शासकको अधीनमा रहेको क्षेत्रलाई बुझाउँछ। जहाँसम्म मिथिला, पुरी र मिथिलाञ्चलको इतिहास छ, त्यहाँ पाली साहित्यमा धेरै साना–ठूला क्षत्रिय र ब्राह्मणहरूको बाहुल्य रहेको पाइन्छ उत्तर प्रदेश र सीतामढीमा मिठी सरदारको ठूलो राज्य हुनुपर्छ।

मिथिला क्षेत्रको सिमाकै विषयमा निकै विवाद पुर्ण अवस्था देखिएको छ। यसकारणले समेत समस्या आएको छ। अर्को तर्फ सिमा पुर्ण विवाद रा भगौलिक उथलपुथलको कारणले गर्दा समेत समस्या आएको अवस्था छ। अर्को तर्फ नेपालीय मिथिलाको सिमा र भागौलिक अवस्थाको विषयमा कहिले छलफल भएन। जसकारणले सरकारी निकायहरुको समेत ध्यान नपुगेको अवस्था छ। यस विषयमा तत्कालनै अध्ययनको समेत खाचो रहेको छ। पहिलो मिथिलाको क्षेत्रको विषयमा अध्ययनको आवश्यकता रहेको छ। किन भने नदिलाई सिमा मान्ने प्राचीन तर्क रहेको छ यस्तो अवस्थामा नदिको सीमामा परिवर्तन समेत आउने गरिएको छ। परिवर्तनको कारणले गर्दा यसको भगोलिक सिमाको समेत उथलपुथल हुने गरिएको छ। त्यसकारणले तत्काल यसको अध्ययनको आवश्यकता रहेको छ। अहिले त झनै सजिलो भएको अवस्था खास गरेर तिन तहको सरकार भएको कारणले गर्दा उनिहरुको लगानीको अवस्था समेत यसमा पुर्याउनुपर्ने देखिन्छ। त्यसपछि यसको पुरातात्विक स्थलहरुको पहिचान र खोजको आवश्यकता रहेको छ। यसको आधारको रुपमा विभिन्न जातक कथाहरुलाई लिन सकिन्छ। जातक कथाको आधारमा नै यसको विकासको आवश्यकता समेत रहेको छ। खास गरेर धेरै पुराततवक थलहरु छन जसको विषयमा खोज र अनुसन्धान हुनुपर्ने आवशयकता रहेको छ। मुखिया पटिट मुसर्निया गाउपालिकाको पुरातात्विक स्थल, सिम्रौनगढ, मुर्तिया जस्ता स्थलहरुको आधार मानेर यसको ऐतिहासिक पुष्ठभूमिको खोजि गरिएको खण्डमा मिथिलाको हराएको धेरै सम्पदाहरुको खोज र अनुसनधान गरेर जाने सकिने अवस्था छ। त्यसकारणले यसको विष्यामा सबै भन्दा पहिलो प्राथमकिता स्थानीय तहको हुनुपर्ने देखिन्छ। अर्को तर्फ प्रदेश सरकारहरुले यसलाई समेत आफनो अधिन वा स्वामित्व लिएर समेत विकास र संरक्षण गर्ने वातावरणको निर्माण गर्न सक्छ त्यसकारणले तत्कालै सरकारको ध्यान दिएर खोज अनुसन्धान तर्फ ध्यान दिनुपर्ने आवश्यकता रहेको छ।

**सन्दर्भ श्रोत**

मिथिलाका पुरातात्विक इतिहासःअखिलेशकुमार सिंह
मिथिः डा. राजेन्द्र विमल

# सिक्रे नियतले बच्चासँग अंग्रेजी बोल्नुहुन्छ ?

*अमेरिकामा रहेका हजारौं अभिभावकहरु आफ्ना छोराछोरीले नेपाली नबुझिदिउन् भन्ने अपेक्षा राख्छन् । बच्चाहरुले नेपालीमा बोल्दै नबोलुन् भन्ने चाहन्छन् । अनि बच्चाहरुले नेपाली नबुझ्नेकोमा गर्व गर्छन् । बच्चाहरुले नेपाली बोलिहाले भनेपनि बुझ्दैनन् भन्दै आफै सकिनसकी अंग्रेजीमा बोलेर बच्चाहरुलाई जवाफ फर्काउछन् । 'अमेरिकामा बसियो, नेपाली पढेर बुझ्रेर कहाँ काम लाग्छ र ?' भन्ने अभिभावकहरु धेरै भेटिन्छन् ।*



रामचन्द्र भट्ट

लञ्च ब्रेकमा एक नेपाली सहकर्मी आफ्ना छोराछोरीलाई फोनबाट हप्काउँदै थिए । उताबाट छोराछोरी राम्रो अंग्रेजीमा एकले अर्का प्रति गुनासो गरिराखेका थिए । 'दिदीले यसो गरि' भनेर भाईले भन्दैथियो भने दिदी भने 'भाईले आफ्नो किताब छरपष्ट पारेको' गुनासो गर्दै थिइन् । यता मेरा सहकर्मी रहेका उनीहरुका पिता भने बडो सकससँग कनिकुथी अंग्रेजीमा 'ज्ञानी भएर बस्न' सुझाउँदै थिए ।

तीन मिनेटसम्म उनीहरुको वार्ता सुन्दा मनमा यस्तो लाग्यो सकिनसकी, बच्चाहरुले समेत बुझ्न गाह्रो हुनेगरि अंग्रेजी बोल्नुको साटो बरु नेपालीमै बोलेको भए पनि त राम्रो हुने थियो । अमेरिकामै जन्मिएका ती बच्चाहरुले आफ्नो मातृभाषामा सिक्रे अवसर त पाउने थिए । साथीको ब्रोकन अंग्रेजी बोलाईले यी छोराछोरीको शव्दज्ञानमा दुर्घटना थप्ने भन्दा केही योगदान गर्लान जस्तो लागेन । छोराछोरीसँगको उनको वार्तालाप सकिएपछि मैले उनलाई जिस्काएँ 'आफ्नो अंग्रेजी सुधार्दै हुनुहुन्छ कि बच्चाहरुको बिगार्दै हुनुहुन्छ ?' उनी स्पष्टीकरणले म चकित परेँ– 'के गर्नु नेपालीमा बोलेको बुझ्दै बुझ्दैनन् ।'

बच्चाहरूले नेपाली नबुझ्ने भन्ने त उनको वहाना मात्र थियो । खास चाहना त बच्चाहरुसँग अंग्रेजीमा बोल्दा समाजले ओहो ठूलो भनिदिन्छ, गर्व महसुस हुन्छ भन्ने उनको मनोभाव बुझ्न मलाई गाह्रो भएन । वरिपरी बसेकाले सुन्दा पनि ओहो कस्तो खररर अंग्रेजी बोलेको भन्ने परोस् भन्ने आशय पनि थियो । शायद नेपालमा भए कसैले त्यस्तो सोचिदिन्थ्यो कि मेरा ती सहकर्मीका लागि । तर यता अमेरिकामा भने कनिकुथी सकस पूर्वक अंग्रेजी बोलेको विषयलाई कसैले चासो लिएको म पाउँदिन । ती मेरा सहकर्मी एउटा उदाहरण मात्र हुन् । अमेरिकामा रहेका हजारौं अभिभावकहरु आफ्ना छोराछोरीले नेपाली नबुझिदिउन् भन्ने अपेक्षा राख्छन् । बच्चाहरुले नेपालीमा बोल्दै नबोलुन् भन्ने चाहन्छन् । अनि बच्चाहरुले नेपाली नबुझ्नेकोमा गर्व गर्छन् । बच्चाहरुले नेपाली बोलिहाले भनेपनि बुझ्दैनन् भन्दै आफै सकिनसकी अंग्रेजीमा बोलेर बच्चाहरुलाई जवाफ फर्काउछन् ।

'अमेरिकामा बसियो, नेपाली पढेर बुझ्रेर कहाँ काम लाग्छ र ?' भन्ने अभिभावकहरु धेरै भेटिन्छन् । बरु अंग्रेजी राम्रोसँग जाने भने त अमेरिकामा भविष्य गज्जबकै हुन्छ भन्ने धारणा बोकेका नेपाली अभिभावकहरु धेरै छन् । आफ्नो अंग्रेजी परफेक्ट नहुँदा पाएको हण्डर सम्झिएर छोराछोरीको अंग्रेजी बोलाई खररर होस् भन्ने चाहना राख्ने नेपालीहरु पाइला पाइलामा भेटिन्छन् ।

माफ गर्नुस् सबै अभिभावकहरुलाई मैले एकै घानमा हाल्न खोजेको होइन । तर १२ बर्ष भन्दा लामो अमेरिका बसाईमा जहाँजहाँ पुग्छु, नेपाली समुदाय, परिवारसँग ठोकिएकै हुन्छु । अनि बच्चाहरुसँग नेपालीमा कुराकानी गर्न खोज्यो नेपाली शव्द नबुझ्रेर उनीहरु अकमकिन्छन् । हत्त न पत्त बाबुआमाहरु अगाडी सरेर भन्छन् 'हेर्नुस् न यस्ले त नेपाली बुझ्दै बुझ्दैन ।' अझ यसो पनि भन्न भ्याउँछन् – 'पत्रकारको भाषा कहाँ यहाँ हुर्किएका बच्चाले बुझ्छन् र ?'

आधिकारिक तथ्यांक नभएपनि अमेरिकामा झण्डै तीनलाखको हाराहारीमा नेपाली छन् । धेरथोर मात्र हो नेपालीहरु अमेरिकाका ५० वटै राज्यमा छन् । कुनै राज्यहरुमा नेपालीहरुको निकै बाक्लो जनसंख्या छ । अधिकांश राज्यहरुमा भने नेपालीको संख्या पातलो छ । टेक्सस, क्यालिफोर्निया, न्यूयोर्क, कोलोराडो, वासिङ्गटन, भर्जिनिया, मेरिल्याण्ड, म्यासाचुसेट, केन्टकी, नर्थ क्यारोलाइना लगायतका राज्यहरुमा नेपालीहरुको उल्लेख्य बसोबास छ । नेपालीहरुको संख्या अनुसार नेपालमै जन्मिएर यता आएका र यता जन्मिएकाहरु पनि बराबरी जस्तै छन् ।

तर अधिकांश बच्चाहरु मज्जाले नेपाली बोल्न सक्दैनन् । धेरैले बुझ्छन्, तर दोहोरो कुराकानी गर्न सक्दैनन् । अर्थात बच्चाहरुले जवाफ फर्काउन सक्दैनन् । जवाफ फर्काउनका लागि अंग्रेजीनै प्रयोग गर्छन् । नेपालीमा लेख्ने कुरा त धेरै परको विषय भयो ।

नेपालमै प्राथमिक तह पुरा पढेर आएका बच्चाहरु नेपालीभाषामा पढ्न, लेख्न, बोल्न सक्छन् । तर नियमित लेखाईको अभ्यास नहुँदा नेपालमै लेख्न सक्ने बालकहरु समेत यहाँ आएर हाइस्कुलसम्म पुग्दासम्म नेपालीमा लेख्न बिर्सिएका धेरै उदाहरणहरु छन् । तिनले बोल्न सक्छन्, पढ्न सक्छन् । तर लेख्न चाँहि निकै सकस परेको देखिन्छ ।

मातृभाषामा बोल्न, पढ्न र लेख्न सकुन् भन्ने उदेश्यले अमेरिकामा धेरै देशका आप्रवासीहरुले कक्षाहरु सञ्चालन गर्दै आएका छन् । विशेषगरि आफ्नो सामुदायिक केन्द्र, चर्च, मस्जिदहरुमा यस्ता कक्षाहरु चल्छन् । भारतीयहरु आफ्नो भाषा, संस्कृति जोगाउने मामिलामा निकै अगाढी छन् । मन्दिर, सामुदायिक केन्द्रहरुमा हरेक सप्ताहन्त (शनिबार र आइतबार) कक्षा चलाएर आफ्नो भाषामा पढ्न, लेख्न सिकाउँदै आएका छन् । परिवारमा पनि अंग्रेजी भन्दा आफ्नै भाषा हिन्दी, तमिल, उर्दु, बंगाली, मराठी, गुजराती लगायत पढाउने गरेको देखिन्छ । ताकी बच्चाहरुले आफ्ना बाजे, बजैसँग कुराकानी गर्न सकुन् भनेर आफ्नो भाषालाई जोड दिँदै आएका छन् ।

एक दशक अघि म टेक्ससको छिमेकी राज्य ओक्लोहामामा रहँदा एक भारतीय र मेरो अपार्टमेन्ट जोडिएको थियो । त्यसैले हामीबीच चिनजान भयो । उनका दुई साना बच्चाहरु मज्जाले हिन्दीमा बोल्थे । उनीहरु स्कुल जान्थे । तर परिवारसँग हिन्दीमै कुराकानी गर्थे । लोग्ने कम्प्युटर इन्जिनिएर थिए । पत्नी पनि सूचना प्रविधिकै क्षेत्रमा काम गर्थिन् ।

उनीहरुका दुबै बच्चाहरु अमेरिकामै जन्मिएका थिए । कति परफेक्ट हिन्दी बोल्दा रहेछन् बच्चाहरु यो कसरी संभव भयो भनेर एक दिन मैले सोधिहालेँ । उनले परिवारमा अंग्रेजी बोल्न नपाइने नियम बनाएकोले यो संभव भएको बताए । 'बच्चाहरु स्कुल गएपछि अंग्रेजी उसै बोलिहाल्छन्, उनीहरुको अंग्रेजी स्कुलको पढाईले हाम्रो भन्दा निकै राम्रो हुन्छ । त्यसमाथि कार्टुन हेरेर उनीहरुको अंग्रेजी राम्रो भैहाल्छ' उनले भने । परिवारमा हिन्दी बोलेपछि उनीहरुले भाषा कहिल्यै नबिर्सने समेत उनले बताए । हरेक शनिबार र आइतबार भारतीय कम्युनिटीले चलाएको भाषा कक्षामा पनि बच्चाहरुलाई लिएर जान्थे ।

नेपाली समुदायमा पनि बच्चाहरुलाई नेपाली भाषा बिर्सने अवस्था ल्याउनु हुँदैन भनेर केही राज्यहरुमा, नेपालीहरु धेरै रहेको सिटीहरुमा सामुदायिक केन्द्रले प्रयास गरिरहेका छन् । ड्यालस, न्यूयोर्क, लसएन्जलस, सानफ्रान्सिस्को, डेनभर, मनासस, ओरल्याण्डो जस्ता सिटीहरुमा बच्चाहरुलाई नेपाली भाषा कक्षाहरु व्यबस्थित रुपमा र नियमित तवरले चलेका छन् । जसबाट बच्चाहरुले आफ्नो मातृभाषा बोल्न, पढ्न र लेख्न जानेका छन् ।

तर अधिकांश कामकाजी नेपालीहरु भने समय नभएको वहाना बनाउँदै आफ्ना छोराछोरीलाई यस्ता मातृभाषाका कक्षाहरुम पठाउन उत्सुक देखिँदैनन् । नेपाली भाषा पढेर, जानेर ठूलो बनिदैन भन्ने सोचले यस्ता क्लासहरुमा पठाउन अभिभावकहरु निष्कृय छन् ।

बच्चाहरुले नेपाली भाषा नजान्दा भएको पीडाबारे केही वर्ष अघि नेपालबाट भरखरै आउनुभएकी एकजना आमाले मसँग गुनासो गर्नुभएको थियो । झण्डै २०÷२२ नेपाली परिवार भएको अपार्टमेन्ट कम्प्लेक्समा हाम्रो परिवार बस्थ्यौं । एक बिहान मर्निङ्गवाक गने क्रममा एकजोडी बा आमा भेटिनुभयो । ती बा आमाको पहिरनले मैले नेपाली भनेर छुट्याइहाले । नमस्कार आदान प्रदान भयो । छोराबुहारीले बोलाएर उहाँहरु अमेरिका आउनुभएको रहेछ । दशैं मनाएर फर्कने सोचका साथ आउनुभएको उहाँहरुले सुनाउनुभयो ।

'खै बा, अरु त ठीकै हो । नाती नातिनाले बोलेको चाँहि फिटिक्कै बुझिदैन । हामीले बोलेको अलिअलि बुझ्दा रहेछन् । उनीहरुले बोलेको बुझ्ने मरिजानु । यिनै नाति नातिना हेर्न भनेर आएको यिनै टाढाटाढा हुन्छन् । यिनका कुरा हामीले नबुझेपछि समय बिताउन साह्रै सकस पो भयो' ती बाले दुःखेसो पोख्नुभयो ।

के रहेछ त भनेर एक शनिबार बिहान उनीहरुको अपार्टमेन्टमा परसेँ । ती बृद्ध बा आमाका छोराबुहारीले आफ्ना छोराछोरीसँग टुटे फुटेको अंग्रेजीमा बोल्ने रहेछन् । उनीहरुको नियत छोराछोरीसँग अंग्रेजी बोलेर भाषा सुधार्ने रहेको अनुभव मैले गरेँ ।

न त सामुदायिक केन्द्रमा ती बच्चाहरुलाई नेपाली भाषाको कक्षामा भर्ना गरिएको रहेछ, नत घरमै क, ख, ग, घ को पढाई । अनि नेपालको पहाडबाट आएका ती बा आमा नाति नातिनाको अंग्रेजी बोलाईले किन दिक्दारी नहुन् ? ६ महिनाको लागि आएका ती बा आमा तीन महिनामै फर्किनुभयो ।

मातृभूमिभन्दा बाहिर बसेकाहरुलाई कसरी आफ्ना छोराछोरीको मातृभाषामा पोख्त बनाउने भन्ने विषयमा अलाइन्ज केयरले व्यबहारिक सुझावहरु दिएको छ । जस अनुसार बच्चाहरुसँग घरमा आफ्नो मातृभाषा बोल्ने, कृयापद शब्दको प्रयोग गर्ने, बच्चाहरुसँग मातृभाषामा बनेका फिल्म, डकुमेन्ट्री हेर्ने, बच्चाहरुको भावना बुझ्रेर उनीहरुले चाहेका विषयमा मातृभाषामा कुराकानी गर्ने, घरमा मातृभाषा बोल्ने साथीभाई आफन्तहरुको जमघट गराइरहने सुझाव दिएको छ ।

मातृभाषामा निपुण बनाउन घर बाहिरका लागि अलग्गै सुझाव दिइएको छ । जस अनुसार मातृभाषा पढाई हुने कक्षामा भर्ना गरिदिने, आप्रवासीहरुको समूहमा सहभागी गराउने, आफ्नो जुन देशबाट आएको हो त्यो देशमा बच्चाहरुलाई लिएर नियमित रुपमा गैरहने लगाएत छन् ।

मातृभूमिभन्दा पर आएर बसेका अभिभावकहरुले आफ्ना छोराछोरीलाई अहिले आफ्नो भाषा नसिकाउने हो भने अहिलेका बच्चाहरु भन्दा पछिका पुस्तामा नेपाली भाषा सर्दैन । यो त पछिको कुरा भयो अहिलेनै बच्चाहरुलाई भाषा नसिकाउने हो भने नेपाल जाँदा साइनबोर्डमा लेखेको बुझ्ने छैनन् । सरकारी कागजपत्रमा लेखिएको व्यहोरा पढ्न र बुझ्न खेताला खोज्नुपर्ने दुर्दिन आउनेछन् ।

अमेरिकामा रहेका अधिकांश पहिलो पुस्ताका नेपालीहरुका बच्चाहरु जो नेपाली भाषा घरमा बोल्न गाह्रो मान्छन्, नेपाली सिक्न सामुदायिक कक्षाहरुमा सहभागी हुँदैनन् तिनीहरु नेपालमा कागजपत्र, साइनबोर्ड पढ्न नसक्दा त्यतिखेर गर्वको भन्दा लज्जाको महसुस हुनेछ । त्यो दुर्दिन आउन नदिन आजैदेखि गंभीर हुन जरुरी छ । किनकी बच्चाहरुको उमेर छिप्पिएपछि सिकाउन उतिनै कठिन हुन्छ । – बाह्रखरी

# पानीले पानीमा पानी लेख्ने होड

*जनअनुमोदनबिना अप्रिय अवस्थामा राजा हुने मौका छोप्दा ज्ञानेन्द्रका लागि श्रीपेच नाटकको पहिरनजस्तै बन्यो । जनताको संगठन हुँदैन, तर सबैको हिसाब किताब तिनीहरुले राखेका हुन्छन् । नेपाल सिंगापुर जस्तो हैन, नेपालजस्तै बनाउनुपर्छ भन्ने अकाट्य सत्य बुझेका जनताले किसुनजीको बोली हावामा उडाइदिए ।*



संकेत कोइराला

कुनै एक सिंह जोडी बच्चा जंगलमा छाडेर कतै टाढा सिकार गर्न गए । अबेरसम्म नफर्किएपछि तिनका बच्चा भोकले छटपटाउन थाले । त्यसैबेला संयोगवस एउटा माउ बाख्रा चर्दै त्यहीँ आइपुग्यो । उसले सिंहका बच्चालाई आफ्नो दूध चुसायो । दूध खान पाएपछि सिंहका बच्चा दंग भएर खेल्न थाले । निकै ढिला गरी सिंह जोडी बच्चा भएको ठाउँमा आइपुगे । आफ्नो अगाडि माउ बाख्रा देखेर रातो आँखा पार्दै सिंहले आक्रमण गर्न खोज्यो । बच्चाले प्रतिवाद गर्दै सम्झाए– 'उहाँले हामीलाई आफ्नो दूध खुवाएर धेरै ठूलो गुन लगाउनुभएको छ, अन्यथा हामी यतिबेलासम्म मरिसकेका हुन्थ्यौं । त्यसैले गुनको बदला त्यस्तो घात गर्नु अपराध हो ।'

बच्चाको कुरा सुनेर सिंहले खुसी हुँदै भन्यो– 'हामी तिम्रो गुन कहिल्यै बिर्सने छैनौं, स्वतन्त्र ढङ्गले यो जंगलमा घुमफिर गर । मैले यसअघि गरेको व्यवहारप्रति क्षमा चाहन्छु ।' त्यो दिनदेखि बाख्रा जंगलमा निडर भएर चर्न थाल्यो । यतिसम्म कि सिंहको ढाडमा चढेर डाले घाँस खानेसम्मको निकटता हुन थाल्यो । यसखाले पत्याउनै नसकिने दृश्य देखेर चीलले बाख्रालाई मित्रताको रहस्य सोध्यो । उसले गुनको महत्त्व थाहा पायो । चीलले आफ्नो जीवनमा यस्तै प्रयोग गर्ने सोचेर दलदलमा फसेका मुसाका बच्चालाई दुई खुट्टाले समातेर सुरक्षित स्थानमा पुर्यायो । उसले चिसोले काम्दै गरेका मुसाका बच्चालाई पखेटाभित्र न्यानो दिएर राख्यो ।

मुसाका बच्चा खतरामुक्त भएपछि जब चील उड्न लाग्यो, विडम्बना अहँ उड्नै सकेन । यसो फर्किएर आफ्नो शरीर हेर्छ त पखेटा सबै स्वाहा । मुसाका बच्चाले उसको पखेटा टुक्राटुक्रा पारेर काटिसकेका थिए । यो घटना चीलले माउ बाख्रालाई सुनायो– 'तिमीले पनि गुन लगायौ, मैले पनि गुन लगाएँ तर यो नतिजा किन फरक फरक ?' माउ बाख्राले गम्भीर भएर भन्यो– 'मुसा कायर हुन्छन् । कायरले गुन सम्झिँदैनन। त्यस्ताले गुन बिर्सनुलाई बहादुरी ठान्छन् । सिंह बहादुर थियो, त्यसैले उसले गुन बिर्सिएन । गुन मुसा हैन, सिंहलाई लगाउनुपर्छ । गुन कायर नभई बहादुरलाई लगाउनु पर्दछ ।'

६५ वर्षअघि अमेरिकी राष्ट्रपति आइजनहावर मस्तिष्कघातको उच्च जोखिममा रहँदा रहँदै राजा महेन्द्रलाई स्वागत गर्न हेलिकोप्टर चढेर विमानस्थल पुगेका थिए । सयौं स्वागतद्वार बनाएर अमेरिकी नागरिक बुके बोकेर सडकमा आएका थिए । अमेरिकी राष्ट्रपति राजाको स्वागतमा विमानस्थल नगए भ्रमण नै रद्द गर्ने नेपाल सरकारको चेतावनी लिएर पहिलो सभामुख कृष्णप्रसाद भट्टराई दूतावास पुगेपछि अमेरिकी सरकार यस्तो दबाबमा परेको थियो । यही प्रकरणपछि अमेरिकी सरकारले प्रतिकूल अवस्थामा राष्ट्र प्रमुखले समकक्षीको स्वागत गर्ने कानुन परिमार्जन गरेको थियो । साढे ६ दशकअघि नेपालको त्यो सशक्त कूटनीति देखेकाहरु जीवितै रहँदा हालका क्रान्तिकारी सरकार प्रमुख घन्टौ उभिएर अमेरिकी राष्ट्रपतिसँगको फ्रेममा समेटिँदा नेताहरुको जयजयकार चल्ने गरेको छ । हरेक पूर्व प्रधानमन्त्रीको आफ्नो बैठक कक्षको सौन्दर्य बुटी भनेकै यही फोटो हुने गरेको छ ।

मार्क्स, लेनिन, माओवाद जे घोके पनि नेपालका कम्युनिस्ट नेताका लागि अन्तिम तीर्थ युरोप, अमेरिका र भारत हुने गरेको छ । अझ नेपालका नेता त तेस्ता मुसा हुन, व्यक्तिगत–पार्टीगत स्वार्थका लागि जसको प्वाँख काट्न पनि तत्पर हुन्छन् । धोकाका पर्यायवाची यिनीहरुका अगाडि वेद, कुरान, बाइबल, त्रिपिटकका ग्रन्थ समेत निरीह बनेका छन् । त्यसो त राजनीतिको खोल ओढेर उताउलिनेको पखेटा बारम्बार काटिएका उदाहरण छन् । राजनीतिको आडमा पानीमा पानी लेख्न खोज्दा धेरै पछारिएका छन् ।

चोरी औंलो उठाएर 'म नै राज्य हुँ' भन्ने सोच पालेका गिरिजाप्रसाद कोइराला जब गल्ती महसुस गर्ने अवस्थामा आए, त्यसपछि जीवनको उत्तराद्र्धमा मलामी बटुल्न सफल भए । यद्यपि राजनेता हुने मौकामा पटक पटक चुके । प्रधानमन्त्री खान राइटर बाजे, लक्ष्मण खड्काको कुम कुम पुग्नेदेखि ब्रम्हनालमा आमाको शव छोडेर मयलपोस सुरुवाल लाउन चम्किएका माधवकुमार नेपालले पटक पटक राजनीतिमा हण्डर खाए । इतिहासले लौह पुरुष बनेका गणेशमान परिवारलाई राजनीतिक ब्याज ख्वाउने कसरतमा लागेकैले जिन्दगीभर विरुवाबाटै पानी हालेर बनाएको रुख छोडी हात्ती छापको वियोगान्त कथामा खुम्चिएर सकिए ।

इतिहासको भट्टीमा गालिएको कृष्णप्रसाद भट्टराईजस्ता व्यक्तित्व गोहीको आँसुमा सीमित बन्यो । राजनीतिक दाउपेचमा दरो उपस्थिति बनाएपछि आफूलाई सिंह ठानेर पार्टी फुटाएका बामदेवको उत्तराद्र्ध मेलामा हराएको बालकजस्तै निरीह बन्यो । डडेलधुराको रुवाखोलामा जन्मिएका शेरबहादुर नारायणहिटी धाउन थालेपछि ओढाइएको बाघको खोलको न्यानोले आफूलाई श्री ३ ठानेर के दल टुक्र्याएका थिए। ज्ञानेन्द्रले खोटा हानेपछि लागेको टुटुल्को सुम्सुम्याउँदै फेरि सानेपामा मिसिए । देउवाको साढे ६ दशकको राजनीति यात्रा जुनसुकै पदमा आसीन भएपनि पत्नीकै कारण धुलिसात हुने जोखिम उत्तिक्कै छ ।

जनअनुमोदनबिना अप्रिय अवस्थामा राजा हुने मौका छोप्दा ज्ञानेन्द्रका लागि श्रीपेच नाटकको पहिरनजस्तै बन्यो । जनताको संगठन हुँदैन, तर सबैको हिसाब किताब तिनीहरुले राखेका हुन्छन् । नेपाल सिंगापुर जस्तो हैन, नेपालजस्तै बनाउनुपर्छ भन्ने अकाट्य सत्य बुझेका जनताले किसुनजीको बोली हावामा उडाइदिए ।

नेपाललाई स्वीट्जरल्याण्ड बनाउन विकासको मूल फुटाउने कागजी बाघमा लागेका पञ्चको नाटकीय डाइलगले पञ्चायत नै सिलटिमुर खायो । सलादजस्तो मिलेको समाजबाट फलफूलका टुक्रा चुडेर स्वार्थको रोटी सेक्नेहरु बढारिँदै जान थालेका छन् ।

नेपालको राजनीतिक इतिहासमा राजा महेन्द्र र बीपीको जस्तो मेल अपवाद नै थियो । कतिसम्म भने अन्तर्राष्ट्रिय मञ्चमा बोल्दा राजा आफ्नो प्रधानमन्त्रीको खुलेर प्रशंसा गर्थे । कतै गयो कि बीपी र पत्नी सुशीलालाई उपहार ल्याइदिन्थे । रानीले आफ्नै हातले पकाएको खाना ख्वाउन बीपी निम्त्याइन्थे । तर एकाएक त्यो सम्बन्ध यसरी बिग्रियो कि जसका कारण त्यसको पीडा दशकौंपछि पनि सम्पूर्ण देशले भोग्नुपरेको छ । दुई शक्तिलाई लडाएर नेपाली मनोविज्ञानमा खेल्ने देशी विदेशीले पुरै देश अवनतिको गर्तमा पुर्याए । नेपाली समाजमा रामको गाथा गाउनेको संख्या धेरै छ । तर तिनै रामले लक्ष्मणलाई आफूले मारेका रावणको खुट्टा ढोग्न लगाएर ज्ञानको कदर गरेका थिए । राम राज्यको आँखाबाट रावण राक्षस भएपनि उनी यति विद्वान थिए कि उनले त्यतिबेलै दुईवटा कृति लेखेका थिए । उनको उसबेलाको योजना आयोगले सुनको सिंढी बनाएर स्वर्ग र मत्यलोक जोड्ने, जमरामा मकै फलाउने र समुद्रको पानी गुलियो बनाउने योजना थियो । युद्धको नियमलाई उनले कति पनि उल्लंघन गरेनन् । रामराज्यका जनता बदमासी गरेपछि आफैं जेल जान्थे ।

त्यही विधि विधान पढेका हाम्रा राजनीतिहरु ज्यानमारा र अपराधीलाई माफी मिनाहा गराउन सक्रिय छन् । पढ्न त सबैले पढ्छन् । प्रश्न हो– पढाइ अनुकूलको व्यवहार हुन्छ या हुँदैन ? भारतका पूर्व राष्ट्रपति एपीजे अब्दुल कलाम प्रत्येक दिन नमाज पढेपछि सितार बजाएर राम धूनमा रमाउँथे । यो चाहिँ पो हो त पढाइको सामर्थ्य । खोई उनको विद्वतामाथि कसले शंका गरेको छ ?

साहरुख खानलाई ट्वीटमा पछ्याउनेको संख्या साढे एघार करोड छ । उनले हिन्दु समुदायकी जीवनसाथी रोजेका छन् । छोराको नाम अविराम राखेका छन् । उनको कलामा प्रश्न उठाएको कसैलाई थाहा छैन। बरु उनको ख्याती झन्झन् बढ्दो छ । अर्का खान सलमानकी बहिनीको बिहे हिन्दु केटासँग भयो । मानव जीवनको सबैभन्दा शक्तिशाली विवेकको नेत्र हो । भएको तर्क सकिएपछि गर्ने कुतर्कले हाम्रा नेताहरुलाई झन्झन् निर्धो र भद्दा बनाउँदै लगेको छ । सत्यलाई कुतर्कको पर्दाले कहिल्यै छेक्न सक्दैन । बरु झन्झन् नाङ्गिन्छ । रहर र कहरमा पढेका कोरा ठेलीलाई शास्त्रीय मान्यता ठानेर सधैं ढुंगाको अक्षर बनाउन खोज्नु भनेको समयको रफ्तार नबुझ्नु हो ।

अबको १५ वर्षभित्र चीनले अमेरिकीलाई उछिन्ने प्रक्षेपण स्वयं पश्चिमाले गर्न थालेका छन् । माओत्सेतुङको राजनीतिक आतंकलाई देङ सियाओ पिङको आर्थिक दूरदृष्टिले पाखा लगाइदिएको छ । सद्दाम हुसेनको सालिक बनाउन खुन, पसिना चुहाएका इराकीले घन चलाएर सालिक भत्काए । स्वतन्त्र बंगलादेशका पितामह मुजिबर रहमानको सालिकले पनि उही गति समात्यो । दशकौंदेखि नेपाली जनताले भाले नबास्दै कन्यादानको मण्डप छोडेर मतदानमार्फत आफ्ना प्रतिनिधि चुने । हजुरबादेखि नातिपुस्तासम्म नेताको इशारामा नाचे । नेता हिँडेको माटोलाई चन्दन माने ।

नेताको बोलीलाई बेद, त्रिपिटक, बाइबल र कुरान ठाने । जब हजुरबाले देखेको समाजवादको फल नातिले अरबको तातोमा बेल्चा चलाउनु परेको तीतो यथार्थमा मुर्झाएको देखे त्यसपछि तीन पुस्ताको मन एकसाथ भरंग भयो। परिणाम के भयो भने देश छ, अभिभावक छैनन । घर छ, बा आमा छैनन । पार्टी छ, नैतिकता छैन । समाज छ, एकता छैन। धर्म संस्कृति छ, विश्वास छैन । कानुन छ न्याय छैन । देशभक्त पछारिएका छन्, राष्ट्रघाती अघि सरेका छन्। पढ्नुको अर्थ बुझ्नु मात्र होइन, जान्नु पनि हो, अर्हाउनु मात्र ठूलो होइन, मान्नु पनि हो, मानव हुनुका गुण धेरै होलान तर धेरै मध्ये सत्य असत्य छान्नु पनि त हो ।

जतिसुकै बलवान भएपनि अधर्मको साथ छ भने विद्या, अस्त्र, शस्त्र, शक्ति र वरदान सबै निष्फल भएर जान्छ भन्ने महाभारतका उम्दा पात्र कर्णबाट पुष्टि हुन्छ । सन्तान यति धेरै महत्वाकांक्षी नबनाउनुस कि विद्याको दुरुपयोग गरी स्वयंलाई नास गर्ने अश्वत्थामा पात्रको फैलावट होस । बरु डोजर बन्नुस । अरु गाडी खुब पल्टिन्छन तर डोजर पल्टिदैन नि थाहा छ, जो अरुले खनेको बाटो हिँड्छन् ती लड्छन जो आफू बाटो खन्दै हिँड्छ उनीहरु कहिल्यै लड्दैनन ।

राम्रो दिनभन्दा राम्रो सम्बन्ध सम्हालेर राख्नु किनकी राम्रो सम्बन्धले राम्रो दिन ल्याउन सक्छ तर राम्रो दिनले राम्रो मान्छे ल्याउन सक्दैन । जन्म हुँदा सास हुन्छ नाम हुँदैन, मृत्यु हुँदा नाम हुन्छ सास हुँदैन । यही सास र नाम बीचको यात्रा नै जीवन हो । यही जीवन अरुका लागि कति उपयोगी बनाउन सक्नुहुन्छ, यसैमा तपाईंको उकालो र ओरालोको कसी लाग्नेछ । – खबरहब

# जय शाहः 'नेपोटिज्म'को आरोप खेपेका एक कुशल प्रशासक

जय शाह अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल अर्थात आईसीसीको नयाँ अध्यक्ष बन्ने भएका छन् । आईसीसी अध्यक्षको रूपमा जय शाहको कार्यकाल डिसेम्बर १, २०२४ देखि सुरु हुनेछ । उनी ३५ वर्षको उमेरमा यो पदमा पुग्ने सबैभन्दा कान्छो क्रिकेट प्रशासक हुन् । तर, उनीभन्दा पहिले यो पद सम्हाल्ने सबैभन्दा कान्छो क्रिकेट प्रशासक को थिए भन्ने कुरामा मानिसको ध्यान गएको छैन । यो पनि चाखलाग्दो छ कि यो पहिलो पटक हो जब छठ वर्ष भन्दा कम उमेरका व्यक्ति आईसीसीको अध्यक्ष वा चेयरम्यान बनिरहेका छन् ।

सन् १९८९ मा आईसीसीको पहिलो अध्यक्ष कोलिन काउड्रे जब अध्यक्ष बने, उनी ५७ वर्षका थिए । उनीपछि ११ जना आईसीसीको अध्यक्ष बनेका छन् । सन् २०१४ मा जब एन श्रीनिवासन आईसीसी प्रमुख निर्वाचित भए, उनलाई आईसीसी अध्यक्ष वा चेयरम्यान भनिन थाल्यो । उनीपछि अन्य तीनजना अध्यक्षमा नियुक्त भएका छन् भने चौथो अध्यक्षमा जय शाह हुनेछन् । जय शाह यो पदमा पुग्ने पाँचौं भारतीय हुन् । उनीअघि जगमोहन डालमिया, शरद पवार, एन श्रीनिवासन र शशांक मनोहर आईसीसी अध्यक्ष भइसकेका छन् । जय शाहले यही डिसेम्बर १ गतेबाट नयाँ जिम्मेवारी सम्हाल्ने छन् ।

जय शाह आईसीसीको अध्यक्ष बन्ने घोषणा गरेपछि सामाजिक सञ्जालमा धेरै मिम्स देखिएका छन् । जसमध्ये उनको क्रिकेट संगठनमा शीर्ष स्थानमा आएको उनको पिता तथा भारतका गृहमन्त्री अमित शाहसँग जोडिएको छ ।

उनीमाथि 'नेपोटिजम' को आरोप लाग्ने गरेको छ । नेपोटिजम भन्नाले आफन्त वा साथीभाईलाई मौका दिनुलाई बुझाउछ । भारतीय जनता पार्टी (भाजपा)का प्रभावशाली नेता अमित शाहको छोरा भएकोले पनि उनलाई विभिन्न पदमा अवसर र अहिले आईसीसीको प्रभावशाली पदमा पुग्ने अवसर मिलेको टिप्पणी हुने गरेको छ ।




## सामाजिक सञ्जालमा चर्चा र शुभकामना

आईसीसीको अध्यक्षमा जय शाह निर्वाचित भएपछि सामाजिक सञ्जालमा च्याम्पियन्स ट्रफीको चर्चा तीव्र भएको छ । यो बहसको केन्द्रबिन्दुमा भारत आईसीसी च्याम्पियन्स ट्रफी खेल्न पाकिस्तान जाने कि नजाने भन्ने प्रश्न छ । तालिका अनुसार च्याम्पियन्स ट्रफी सन् २०२५ को फेब्रुअरीमा पाकिस्तानमा हुने भएको छ । भारतीय क्रिकेट टोलीले लामो समयदेखि पाकिस्तान भ्रमण गरेको छैन र पाकिस्तानी टोली पनि आईसीसी प्रतियोगिता बाहेक कुनै सिरिज खेल्न भारत आएको छैन । गत वर्ष एसिया कप पाकिस्तानले आयोजना गर्ने भए पनि बीसीसीआईले पाकिस्तानमा नजाने भन्दै हाइब्रिड मोडलमा प्रतियोगिता आयोजना गर्न जोड दिएको भन्दै प्रश्न पनि उठेको थियो । हाइब्रिड मोडलमा



केही खेल पाकिस्तानले आयोजना गरेको थियो भने भारतसँग खेलेका खेलहरू श्रीलंकामा खेलाइएका थिए । यसरी एसिया कपको आयोजक पाकिस्तान रह्यो तर यस प्रतियोगिताका खेल श्रीलंका र पाकिस्तानमा खेलिएका थिए ।

पाकिस्तानी पूर्वक्रिकेटर रशिद लतिफले जय शाहलाई आईसीसीको प्रमुख बन्नु क्रिकेटको दृष्टिकोणले राम्रो निर्णय हुनसक्ने बताउँछन् । पाकिस्तानका पूर्व विकेटकिपर तथा कप्तान लतिफले पाकिस्तानी पत्रकार डा नउमान नियाजको युट्युब च्यानल 'कँट बिहाइन्ड' जय शाहको चुनावमा प्रतिक्रिया दिएका हुन् । रसिद लतिफले युट्युबमा भने, 'जय शाह भर्खरै आएका छन् । उहाँ निर्विरोध निर्वाचित हुनुको अर्थ पाकिस्तानले उहाँको विरोध नगरेको हो । यदि भारतीय टोली (च्याम्पियन्स ट्रफीका लागि) आयो भने त्यसमा जय शाहको ठूलो भूमिका हुनेछ ।'
'उनी च्याम्पियन्स ट्रफी अघि आएका संकेतहरू पक्कै थिए । मलाई लाग्छ कि यो निर्णय क्रिकेटको भलाइको लागि लिइएको हो । म गलत हुन सक्छु तर अहिले सम्म जय शाह क्रिकेटका लागि राम्रो साबित भएका छन्, चाहे बीसीसीआई होस् वा विश्व क्रिकेट ।' जय शाह आईसीसीको अध्यक्ष बनेपछि भारतले च्याम्पियन्स ट्रफीका लागि पाकिस्तान आउने कुरालाई आधा स्वीकृति दिएको राशिद लतिफको भनाइ छ । तर भारतीय क्रिकेट बोर्डले पाकिस्तानमा क्रिकेट खेल्ने विषयमा स्पष्ट पारेको छ । बीसीसीआईका उपाध्यक्ष राजीव शुक्लाले भनेका छन्, 'च्याम्पियन्स ट्रफीको मामिलामा, भारत सरकारले हामीलाई जे गर्न भन्छ, हामी त्यही गर्नेछौं । भारत सरकारले अनुमति दिएपछि मात्रै हाम्रो टोली पठाउँछौं । त्यसैले हामी बोर्डको निर्णय पालन गर्नेछौं ।'

अर्का पूर्व पाकिस्तानी क्रिकेटर बासित अलीले आफ्नो युट्युब च्यानलमा भनेका छन् कि पहिले जय शाह बीसीसीआईमा हुँदा उनी त्यही बोर्डको मात्र हेरचाह गर्थे तर अब अन्य बोर्डहरूसँग पनि समायोजन गर्नुपर्छ । उनले भने, 'जय शाहलाई मेरो शुभकामना छ । के उनले आईसीसीमा पनि त्यसै गर्न सक्नेछन् जुन सफलताका साथ उनले बीसीसीआई चलाए । उनको पहिलो काम नै सबैभन्दा कठिन छ । त्यो हो च्याम्पियन्स ट्रफी ।'



भारतीय प्रशिक्षक गौतम गम्भीरले ट्वीटरमा लेखेका छन्, 'धेरै बधाई जय शाह भाइ ! मलाई थाहा छ तपाईको उत्कृष्ट नेतृत्वमा विश्व क्रिकेटले द्रुत गतिमा प्रगति गर्नेछ ।' भारतीय अलराउन्डर हार्दिक पाण्ड्याले लेखे, 'सबैभन्दा कान्छो आईसीसी अध्यक्षलाई बधाई । भारतको लागि गर्वको क्षण । तपाईंले क्रिकेटलाई नयाँ उचाइमा लैजानुहुन्छ ।'
ब्याट्सम्यान शुभमन गिलले ट्वीटरमा लेखेका छन्, 'आईसीसीको अध्यक्ष बनेकोमा धेरै धेरै बधाई छ । भारतीय टोलीका पूर्व प्रशिक्षक रवि शास्त्रीले लेखेका छन्, 'जय शाहलाई ३५ वर्षको उमेरमा निर्विरोध आईसीसी अध्यक्ष बन्नु भएकोमा बधाई छ । क्रिकेट समुदायले विश्वस्त हुन सक्छ कि जय शाहले क्रिकेटलाई नयाँ उचाइमा पुऱ्याउन काम गरिरहनेछन् ।'

## विश्व क्रिकेटमा भारतको दबदबा

जय शाह आईसीसीको अध्यक्ष पदमा पुग्नुको कारण विश्व क्रिकेटमा भारतीय क्रिकेट बोर्डको दबदबा बढेको देखिन्छ । जय शाह भारतीय क्रिकेट बोर्डका सचिव थिए । भारतीय क्रिकेट बोर्डसँग अहिलेको समयमा चाहिने सबै कुरा छ । भारतीय क्रिकेट बोर्डसँग दर्शकहरूको सबैभन्दा ठूलो समूह र कर्पोरेट हाउसहरूको समर्थन छ । यति मात्र होइन, भारतीय क्रिकेट टोलीले पनि लगातार जित निकालिरहेको छ । यी सबैको बीचमा इन्डियन प्रिमियर लिगजस्तो सफल प्रतियोगिता पनि छ । विश्वको कुनै पनि क्रिकेट बोर्डमा यो सबै छैन । क्रिकेट प्रशासकका रुपमा जय शाहको करियर ग्राफ पनि उत्कृष्ट रहेको छ । उनले सन् २००९ मा गुजरात क्रिकेट संघ अन्तर्गत जिल्ला क्रिकेट प्रशासकको रूपमा काम सुरु गरेका थिए । सन् २०१३ मा उनी गुजरात क्रिकेट एसोसिएशनको संयुक्त सचिव बने र त्यसपछि उनले पछाडि फर्केर हेर्नुपरेन ।
२०१९ मा जब उनी बीसीसीआईमा सचिवका रुपमा आबद्ध भए, उनीसँग खासै अनुभव थिएन, तर अहिलेसम्म उनको काम गर्ने शैली यस्तो छ कि उनी अरुसँग सल्लाह लिने गर्छन् । जब उनले आईसीसी वा बीसीसीआईसँग सम्बन्धित कठिन समस्याहरू सामना गरे, उनले पूर्व क्रिकेट प्रशासकहरूसँग सल्लाह गरे । उनले विपक्षी क्याम्पका मानिने एन श्रीनिवासनसँग पनि सल्लाह लिएका छन् । क्रिकेटसँग सम्बन्धित मामिलामा, उनी पूर्व भारतीय क्रिकेटर पार्थिव पटेललाई धेरै विश्वास गर्छन् ।

## जय शाहका सामु कति चुनौती छन् ?

अहिले यो भन्न अनौठो लाग्न सक्छ तर आईसीसी अध्यक्ष बनेपछि उनी भारतीय क्रिकेटको सबैभन्दा शक्तिशाली पदमा फर्किन सक्छन् । आईसीसी अध्यक्षको तीन वर्षको कार्यकाल सकिएपछि उनले दोस्रो कार्यकाल खोज्ने वा भारतीय क्रिकेट कन्ट्रोल बोर्डको अध्यक्षको रूपमा फर्कने अवसर पाउनेछन् । वर्तमानमा, सबै व्यावहारिक उद्देश्यका लागि, भारतीय क्रिकेट कन्ट्रोल बोर्डको अध्यक्षको भूमिकालाई आईसीसीको अध्यक्षको भन्दा बढी प्रभावशाली मान्न सकिन्छ । तर, आईसीसी अध्यक्षको हैसियतमा जय शाहले कम चुनौती सामना गर्नुपरेको छैन । आईसीसीले विश्वका अन्य देशमा पनि क्रिकेटलाई छिटो फैलाउन चाहन्छ । यसका लागि आईसीसीले आक्रामक रणनीति बनाएको छ । यसै दिशामा अघिल्लो विश्व टी–२० क्रिकेट म्याच अमेरिकामा आयोजना गरिएको थियो । यो एक महँगो कार्यक्रम थियो तर यो सफल पनि थियो । यसबाहेक ओलम्पिकमा क्रिकेट समावेश गर्ने कुरा पनि छ । सन् २०२८ को ओलम्पिकमा क्रिकेट समावेश हुने निश्चित छ । तर, यसअघि नै जय शाहको कार्यकाल सकिँदैछ । तर उनको नेतृत्वमा नै ओलम्पिकमा क्रिकेटको संगठनलाई टुंगो लाग्ने भएको छ । ओलम्पिकमा कुन ढाँचाको क्रिकेट समावेश हुने, टोली छनोटको विधि कस्तो हुने, कति टोली सहभागी हुने जस्ता अन्य प्रश्नको जवाफ जय शाहले खोज्नुपर्नेछ । आईसीसी प्रतियोगिताको आधिकारिक प्रशारणकर्ता स्टार टिभीसँगको प्रसारण अधिकारको मुद्दा पनि जय शाहको अगाडि उठ्नेछ । स्टार टिभीले यसअघि नै आईसीसीसँग करिब १० करोड डलर अर्थात् करिब ८३० करोड भारतीय रुपैयाँको सहुलियत मागेको छ, स्टार टिभीले यी कार्यक्रमहरूबाट खासै कमाइ नगरेको दाबी गरेको छ ।

## नयाँ सोच र नयाँ प्रयोगहरूमा विश्वास

आईसीसीले जारी गरेको विज्ञप्तिमा जय शाहले अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलको अध्यक्षमा मनोनयनमा परेकोमा आफू अभिभूत भएको बताएका छन् । उनले विश्वभर क्रिकेट फैलाउन आईसीसी टोली र सदस्य राष्ट्रहरूसँग मिलेर काम गर्ने प्रतिबद्धता पनि व्यक्त गरेका छन् । जय शाहले भने, 'हामी एउटा महत्वपूर्ण मोडमा उभिएका छौं जहाँ क्रिकेटका धेरै ढाँचाहरूलाई दिगो राख्न, उन्नत प्रविधिहरू अपनाउने र नयाँ विश्वव्यापी बजारहरूमा हाम्रा प्रमुख घटनाहरू परिचय गराउने बीच सन्तुलन कायम गर्न महत्त्वपूर्ण छ ।' क्रिकेटलाई पहिलेभन्दा समावेशी र लोकप्रिय बनाउने आफ्नो लक्ष्य रहेको जय शाह बताउँछन् । सोही विज्ञप्तिमा ओलम्पिक खेलकुदमा क्रिकेटको विषयलाई लिएर उनले अहिलेसम्म सिकेको बहुमूल्य पाठ अनुसार काम त गर्छन नै साथै संसारभरी क्रिकेटप्रतिको माया बढाउन नयाँ सोच र नयाँ प्रयोग अपनाउनुपर्ने बताए । जय शाहले भने, 'लस एन्जलस ओलम्पिक, २०२८ मा हाम्रो सहभागिता क्रिकेटको विकासको लागि एक टर्निंग प्वाइन्ट हो र म विश्वस्त छु कि यसले खेललाई अभूतपूर्व तरिकाले अगाडि बढाउनेछ ।' आईसीसीका वर्तमान अध्यक्ष, न्युजिल्यान्डका ग्रेग बार्कलेले हालै चेतावनी दिएका थिए कि हालको रूपमा आईसीसी 'उद्देश्यका लागि फिट' नहुन सक्छ । यो ठूलो र गम्भीर स्वीकारोक्ति हो, जय शाहले यो समस्या समाधान गर्न के गर्छन् सबैले हेरिरहनुभएको छ । एजेन्सीको सहयोगमा

# भविष्यमा धेरै रोजगारी उपलब्ध हुने पाँच क्षेत्र र आवश्यक सीप

“

तपाई आफ्ना केटाकेटीलाई विद्यालयमा के विषयमा ध्यान दिन लगाउने होला भनेर सोचिरहनुभएको छ भने त्यसको जवाफ यही होः गणित, कम्प्युटर साइन्स र प्राकृतिक विज्ञान । त्यस्तै अर्कै आवश्यक सीप भनेको विश्लेषणात्मक सोचको हो । यसमा सुधार ल्याउन व्यक्तिले आफ्नो सङ्ज्ञानात्मक क्षमतालाई तिखार्नुपर्छ । अर्को शब्दमा भन्दा दिमागलाई तिखो पार्नुपर्छ, प्रवृत्तिहरूलाई ख्याल गर्न, तथ्यहरूबीचको सम्बन्ध केलाउन र भावना वा निजी प्राथमिकताबाट प्रभावित नभईकन निष्कर्ष निकाल्ने क्षमताको विकास गर्नुपर्छ ।

अहिले विश्वको श्रमबजार पहिलेभन्दा तीव्र गतिमा बदलिइरहेको छ । आज अस्तित्वमा रहेका अधिकांश कामहरू भविष्यमा हराउनेवाला छन् । ’वर्ल्ड ईकनोमिक फोरम’ले हालसालै गरेको एउटा अध्ययनका अनुसार यसमा मूलतः दुई तत्त्वले फरक पारेका छन्ः नयाँनयाँ प्रविधिको जन्म र स्वचालित उपकरणको प्रयोग, अनि हरित अर्थतन्त्र र दिगोपनातर्फको अभियान ।

‘बिग डेटा’, ’क्लाउड कम्प्यूटिङ’ र ‘आर्टिफिशल इन्टेलिजन्स’ (एआई) जस्ता प्रविधिको क्षेत्रमा देखिएको तीव्र प्रगतिले श्रमबजारमा ठूलो परिवर्तन हुने प्रक्षेपण गरिएको छ । यसको राम्रो पक्ष भनेको नयाँ प्रविधिको आगमनले सम्पूर्ण अर्थतन्त्रले गति प्राप्त गर्छ भने केही रोजगारीका क्षेत्र नष्ट हुँदा अरू धेरै सिर्जना पनि भइराखेका हुन्छन् । समग्रमा भन्नुपर्दा व्यावसायिक क्षेत्रमा पनि थोरै स्रोतसाधनले धेरै हासिल गर्न सकिने भएकाले स्वाभाविक रूपमा त्यसको विस्तार समेत हुन्छ ।

‘वर्ल्ड ईकनोमिक फोरम’का अनुसन्धानकर्ताहरू आउँदो पाँच वर्षमा हाल विद्यमान रोजगारीमध्ये लगभग एक चौथाइमा परिवर्तन आउने बताउँछन् । त्यसैले तीव्र रूपमा प्रतिस्पर्धात्मक हुँदै गएको श्रमबजारमा सफलता प्राप्त गर्न मानिसले निरन्तर रूपमा नयाँ सीप सिक्रे र आफ्नो क्षमतालाई तिखार्दै लानुपर्ने भएको छ ।



### मुख्य सीपहरू

नयाँ श्रमबजारमा प्रतिस्पर्धात्मक क्षमता कायम राखिराख्न सक्षम हुनका निम्ति आवश्यक पर्ने मुख्य सीपहरूमध्ये प्राविधिक साक्षरता एउटा हो । यसको मतलब सबैले ‘प्रोग्र्यामिङ ल्याङ्ग्विज’ जान्नुपर्छ वा ‘मशीन लर्निङ’को जटिलतालाई बुझ्नुपर्छ भन्ने होइन ।

तर भविष्यमा ‘एसटीईएम’सम्बन्धी कामको उच्च माग हुने ठानिएको छ । ‘एसटीईएम’ले फरक तर सम्बन्धित प्राविधिक क्षेत्रको समूहलाई बुझाउँछ, जसमा क्रमशः विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित पर्छन् ।

त्यसैले तपाई आफ्ना केटाकेटीलाई विद्यालयमा के विषयमा ध्यान दिन लगाउने होला भनेर सोचिरहनुभएको छ भने त्यसको जवाफ यही होः गणित, कम्प्युटर साइन्स र प्राकृतिक विज्ञान । त्यस्तै अर्कै आवश्यक सीप भनेको विश्लेषणात्मक सोचको हो । यसमा सुधार ल्याउन व्यक्तिले आफ्नो सङ्ज्ञानात्मक क्षमतालाई तिखार्नुपर्छ ।

अर्को शब्दमा भन्दा दिमागलाई तिखो पार्नुपर्छ, प्रवृत्तिहरूलाई ख्याल गर्न, तथ्यहरूबीचको सम्बन्ध केलाउन र भावना वा निजी प्राथमिकताबाट प्रभावित नभईकन निष्कर्ष निकाल्ने क्षमताको विकास गर्नुपर्छ ।





त्यसो गर्न सक्षम हुनका निम्ति तपाईँले स्वयंलाई सतर्क र एकाग्र बनाउन प्रशिक्षित गर्नुपर्छ किनकि मोबाइलसहितका विभिन्न उपकरण, सामाजिक सञ्जाल, अनलाइन खेलहरू तथा विज्ञापनहरूले लगातार हाम्रो ध्यान भड्काउनुका साथै कतै हामी पछि छुट्ने हो कि भन्ने डर पैदा गराइराखेका छन् । विश्लेषणात्मक सीपभित्र उत्सुकता र निरन्तरको स्वयंशिक्षा पनि पर्छन् । त्यसमा निरन्तर सुधार ल्याउन र सिक्न तपाईं आफ्नो लक्ष्यमा केन्द्रित हुन सक्षम हुनुपर्छ ।

उच्च स्तरको अङ्ग्रेजी भाषा सिक्नु पनि हासिल गर्नैपर्ने महत्त्वपूर्ण दक्षतामध्येको हो । त्यस्तै सिर्जनात्मक हुनु पनि उत्तिकै महत्त्वपूर्ण छ । विज्ञान, इन्जिनियरिङ, डिजाइन र कलामा प्राविधिक साक्षरतासहितको हो । यन्त्रउपकरणको जतिसुकै तीव्र विकास भए पनि मानिसलाई जहिल्यै मानिसकै आवश्यकता पर्ने छ । त्यसैले ध्यान दिन सक्ने क्षमता, सामूहिक कार्य, सुन्ने क्षमता, कथा भन्ने क्षमता, सहयोग तथा सहानुभूतिजस्ता कुराले पनि उत्तिकै महत्त्व पाउने छन् ।

पेसागत व्यक्तिहरूको ‘सोशल नेट्वर्क प्ल्याटफर्म’ ‘लिङ्क्डइन’मा सन् २०२० मा प्रकाशित एक प्रतिवेदनका अनुसार सञ्चारसम्बन्धी दक्षता श्रम बजारमा पहिलेदेखि नै अधिक मागमा रहेको सीपमध्येको हो । कार्यस्थल विशेषज्ञ ड्यान नेग्रोनी भन्छन्, ‘कार्यस्थलमा एआई र रोबटहरूको प्रयोग बढेसँगै अनि प्रविधिले संसारका विभिन्न स्थानका मानिसलाई एकआपसमा जोडिएर काम गर्ने स्थितिमा सिर्जनात्मक क्षमता प्रबन्ध गर्न सक्ने खुबी भएको व्यक्तिले ‘सुनौलो पुरस्कार’ हासिल गर्ने छ ।

सञ्चार र अन्य व्यक्तिको भावनालाई बुझ्न सक्ने क्षमता पनि एआईको युगमा उच्च महत्त्व दिइने सीपमध्येको पु¥याएसँगै बोल्ने, सुन्ने र आपसमा जोडिने कुराले पहिले कहिल्यै नपाएको महत्त्व पाएको छ ।’

### नयाँ प्रविधिहरू

सूचना प्रविधिलगायत नयाँ प्रविधिहरू निकट भविष्यमा निकै फस्टाउने उद्योगहरूमध्येका हुने छन् भन्ने कुरा अब आश्चर्यको विषय रहेन । एआई र मशीन लर्निङमा भएको विकासले आकर्षक अवसरहरूको सिर्जना गर्ने छ ।

आशालाग्दो भविष्य भएको पेसामध्ये ’प्रोम्प्ट इन्जिनियर’ पनि एउटा हो । यस्ता इन्जिनियरहरू विभिन्न किसिमका एआई मोडेलसँग सञ्चारका लागि विशेषज्ञ हुने छन् र एआईसँग गरिने अनुरोधहरूलाई ठिक तरिकाले तयार पार्ने छन् । प्रोम्प्ट इन्जिनियरले एआई र मानिसहरूबीच मध्यस्थकर्ताको रूपमा काम गर्ने छ ।

नीतिशास्त्रीको काम पनि एआईसँग सम्बन्धित सम्भावना भएको अर्को क्षेत्र हो । नीतिशास्त्रीले नैतिकता, सुरक्षा इन्जिनियरिङ तथा प्रयोगकर्तालाई सुहाउँदो मानव–मशीन अन्तर्क्रियाका निम्ति सहज इन्टरफेस बनाउने विषयमा दख्खल राखेको हुन्छ । विभिन्न पेसाका मानिसहरूलाई सामान्यतयाः एआईलाई प्रतिस्पर्धीका रूपमा नभई साझेदारका रूपमा लिन र योसँग कसरी व्यवहार गर्ने भने बुझ्न सुझाव दिइन्छ ।

‘बिग डेटा’को विश्लेषण पनि अर्को सम्भावना बोकेको क्षेत्र हो, जसमा नेट्फ्लिक्सदेखि हाड्रन कोलिडरजस्ता विशाल सूचना प्रणाली र नियन्त्रण प्रणाली सामेल छन् । सूचनासम्बन्धी संवेदनशीलता व्यापक हुने भएकाले निश्चित रूपमा साइबर सुरक्षामा दख्खल राख्नेहरूलाई कामको कमी हुने छैन ।

त्यस्तै आर्थिक प्रविधिमा दक्ष, व्यवसायसम्बन्धी विश्लेषक र ब्लक्चेन प्रणाली विकास गर्न सक्नेहरूको पनि आवश्यकता पर्ने छ ।

### हरित रोजगारी

वर्ल्ड ईकनोमिक फोरमको सन् २०२३ को ’फ्यूचर अफ जब्स’ प्रतिवेदनका अनुसार विभिन्न क्षेत्र तथा उद्योगहरूमा हरित रोजगारीको माग पनि तीव्र रूपमा बढिरहेको छ । ‘हरित सङ्क्रमणले सन् २०३० सम्ममा स्वच्छ ऊर्जा, कार्यकुशलता र न्यून उत्सर्जनका क्षेत्रमाविश्व स्तरमा तीन करोड रोजगारीको सिर्जना गर्न सक्छ’ प्रतिवेदनमा उल्लेख छ ।



हाल हरित उर्जाको क्षेत्रमा रोजगारी सिर्जना गर्न पश्चिमा देशहरू अग्रस्थानमा छन् भने जापान र चीन पनि बिस्तारै हाराहारीमा पुग्दै छन् । यी रोजगारीहरू व्यवसाय, विज्ञान, राजनीति वा पर्यावरणसँग सम्बन्धित हुन सक्छन् ।

ती क्षेत्रभित्र यिनले नवीकरणीय ऊर्जा, नयाँ ऊर्जाका स्रोत तथा ब्याटरीहरू, लोपोन्मुख प्रजातिको रक्षा, कानुनी अभ्यास तथा वातावरणीय सुरक्षा कानुनमा परिवर्तनजस्ता व्यावसायिक परामर्शलगायतका विषयमा काम गर्छन् । त्यस्तै सहरी योजनाकार, आर्किटेक्ट तथा ‘स्मार्ट’ घरहरूको डिजाइन तथा निर्माण गर्नेहरूको पनि उत्तिकै खाँचो पर्ने छ ।

### स्वास्थ्यकर्मीहरू

विश्व जनसङ्ख्या पाको हुँदै छ र मानिसहरूको औसत आयु बढ्दै गइरहेको छ । यस्तोमा उपचार र स्याहारको अझै खाँचो पर्ने छ । त्यसैले निकट भविष्यमा स्वास्थ्यकर्मीहरूको माग पनि धेरै नै रहने छ । बिरामीलाई औषधिमात्र नभई मनोबलसमेत प्रदान गर्ने स्वस्थ्यकर्मीको महत्त्व झन् धेरै बढ्ने छ ।

चिकित्सक र स्वास्थ्य विशेषज्ञहरूहरूले रोगको निदान, उपचार र उपचारका नयाँनयाँ विधिबारे निरन्तर रूपमा सिक्नुपर्ने र स्वयंलाई अनुकूल बनाउनुपर्ने हुन्छ । त्यसमा एआईबाट समेत सहयोग प्राप्त हुने छ । मनोचिकित्सक, व्यक्तित्व विकासमा सघाउने प्रशिक्षक र आध्यात्मिक साधना सिकाउनेहरूका निम्ति समेत कामको अवसर हुनेछ ।

### हातले काम गर्ने श्रमिकहरू

आउने वर्षहरूमा पनि मेकानिक, मर्मतकर्मी, विद्युत्कर्मी तथा निर्माण श्रमिकहरूको पनि आवश्यकता रहने छ । विभिन्न परिस्थितमा आवश्यक पर्ने ससाना कार्यका निम्ति मानिस अथवा व्यक्तिको भूमिका अझै अपरिवर्तनीय रहने छ । तर बजारमा आफ्नो माग कायम राखिराख्न वा टिकिरहन यी विशेषज्ञहरूले स्वयंको प्राविधिक ज्ञानलाई निरन्तर तिखार्नुका साथै नयाँ र छरिता विधिहरूमा निपुण भइरहनु पर्नेछ ।

त्यस्तै कृषिमा पनि नयाँनयाँ किसिमका रोजगारीको माग बढ्ने ठानिएको छ । विश्वको जनसंख्या बढ्दै गइरहेको छ र सबैले खानुपर्छ । तथापि यस क्षेत्रमा कृषकहरूको भन्दा क्षमतावान् इन्जिनियरहरूको माग अधिक हुने छ ।

### यी रोगजारीहरू रहने छैनन्

धेरै त्यस्ता रोगजारीहरू पनि छन् जुन श्रमबजारबाट छिट्टै गायब हुन थाल्ने छन् । स्वचालित यन्त्रद्वारा गर्न व्यापक रूपमा सहज हुँदै गएका कार्यहरू यस अन्तर्गत पर्ने छन् ।

छिट्टै नै श्रमबजारबाट लोप हुन लागेका कामहरूको सम्भावित सूची यहाँ प्रस्तुत छः

ग्राहक सेवा (क्याशिअर, विक्रेता, परामर्शदाता आदि)

कार्यालय व्यवस्थापन (टाढाबाटै काम गर्न सकिने क्रम बढेकाले)

तथ्याङ्क प्रविष्टि (तथ्याङ्क तथा वित्त क्षेत्रका सहयोगी, टाइपिस्ट तथा प्राविधिक अनुवादकहरू)

लेखा

दोहोरिइरहने काम गर्ने कारखाना मजदुरहरू

### कथावाचन

भविष्यबारे कुरा गर्ने मानिसहरूद्वारा दुर्लभै मात्र चर्चा गरिएको अर्को एउटा पेसाको पनि भविष्यमा निःसन्देह आवश्यकता कायम रहने छ, त्यो हो कथावाचन ।

हजारौँ वर्षअघि जसरी यसको आवश्यकता थियो, त्यसरी नै मानवीय अनुभवलाई प्रसार गर्ने कलात्मक र सिर्जनात्मक कार्यहरूको महत्त्व भोलि पनि उत्तिकै रहने छ ।

लेखक, कवि, निर्देशक, अभिनेता, हास्यकलाकार, कलाकार तथा सङ्गीतकाहरूको आवश्यकता पनि कायम रहने छ, भलै एआईले यी क्षेत्रमा पनि नयाँनयाँ चुनौतीको सिर्जना गर्ने छ । – बिबिसी



मुख्यमन्त्री सिंह : मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंह शुक्रबार सचिवालयमा सेवाग्राहीका समस्या बुझ्दै ।

तस्बिरः चन्द्रदेव साह/रासस

# एक महिनामा एक अर्ब बढीको खाद्यान्न आयात

**मधेशदृष्टि**
**वीरगंज ।**

मुलुकको प्रमुख भन्सार नाका वीरगंजको आइसिपी भन्सार हुदै चालु आर्थिक वर्ष २०८१–८२ को एक महिनामा एक अर्ब १६ करोड ९७ लाख ४८ हजार रुपैयाँ मूल्य बराबरको धान, चामल, मकै लगायतका खाद्यान्न आयात भएको छ । वीरगंज भन्सार कार्यालयले उपलब्ध गराएको तथ्यांक अनुसार चालु आर्थिक वर्ष २०८१–८२ को साउन महिनामा ७१ करोड ३६ लाख ३५ हजार मूल्य बराबरको धान भित्रिएको छ भने सो अवधिमा ३१ करोड ४७ लाख ९७ हजार मूल्य बराबरको मकै भित्रिएको छ ।




त्यसैगरी आइसिपी भन्सार नाकाबाट सो अवधिमा ९ करोड ६१ लाख ६४ हजार रुपैयाँ मूल्य बराबरको चामल भित्रिएको वीरगंज भन्सार कार्यालयको तथ्यांकले देखाएको छ । यसैगरी वीरगंज नाकाबाट फापर, कोदोको पिठोलगायतका खाद्यान्न चार करोड ५० लाख ९२ हजार रुपैयाँ मूल्य बराबरको भित्रिएको वीरगंज भन्सार कार्यालयले जनाएको छ ।

वीरगंजस्थित सिर्सिया सुक्खा बन्दरगाह नाका हुदै गत आर्थिक वर्ष २०८०–८१ मा १४ करोड २६ लाख ४ हजार ४ सय २० रुपैयाँ बराबरको १ लाख ६९ हजार किलो विभिन्न ब्राण्डको नेपाली अचार तेश्रो मुलुक निर्यात भएको थियो । सुख्खा बन्दरगाह भन्सार कार्यालयका प्रवक्ता सुशीलप्रसाद शर्माले तेस्रो मुलुकमा बर्सेनि विभिन्न नेपाली ब्रान्डको अचारको माग बढदै गएको र निकासीसमेत सोही रुपमा भइरहेको जानकारी दिए । विशेषगरी अष्ट्रेलिया, अमेरिका, क्यानडालगायत युरोपियन मुलुकहरमा बसोवास गर्ने नेपाली उपभोक्ताहरुले नेपाली ब्राण्डको अचार माग गर्न थालेसँगै यसको निर्यात बढेको शर्माको भनाइ छ ।

# मानव अधिकारी समाज वीरगंजद्वारा विद्यालय अनुगमन

**मधेशदृष्टि**
**वीरगंज ।**

स्वतन्त्र मानव अधिकार समाज वीरगंजले नगरक्षेत्र भित्रका विभिन्न विद्यालयहरुमा अनुगमन गरेको छ । अनुगमनका क्रममा चालु आर्थिक वर्षको साउन महिनादेखि भदौ १४ गतेसम्म वीरगंज नगर क्षेत्रका विद्यालयहरुमा दिवा खाजा वितरण नगरेको पाइएको छ । स्वतन्त्र मानव अधिकार समाज वीरगंजले एक विज्ञप्ती जारी गर्दै अनुगमनको क्रममा विद्यालयले दिवा खाजा वितरण नगरेको पाइएको जनाएको छ ।




मानव अधिकार समाजले वीरगंजमा रहेका बाल विकास कक्षादेखि पाँच कक्षासम्मका विद्यालयहरुलाई वीरगंज महागनरले दिने दिवा खाजाको बारेमा अनुगमन गरेको थियो । भदौ ९ गते देखि १४ गतेसम्म ७ वटा सामुदायिक विद्यालयहरुमा स्थलगत अनुगमन गरिएको मानव अधिकार समाजका केन्द्रिय अध्यक्ष कृष्ण कुमार खनालले जानकारी दिए ।

वीरगंजको रेल्वे मावि, त्रिजुद्ध मावि, ताराचन्द्र किसन लाल आधारभूत विद्यालय, जेपी चतुर्वेदी आधारभूत विद्यालयलगायतका स्कूलहरुमा अनुगमन गर्दा नियमित रुपमा विद्यार्थीलाई दिवा खाजा वितरण नगरेको पाइएको हो । त्यसैगरी समाजले सशस्त्र प्रहरीको कारण वीरगंजको भन्सार क्षेत्रमा चेकजाँचको नाममा सर्वसाधारणलाई सास्ती दिइएको समेत विज्ञप्तीमा जनाएको छ ।

# विकासको घाम उदाएन अझै चुरे वस्तीमा

**बरहथवा ।**

सर्लाहीको उत्तरी चुरे क्षेत्रका साविक नारायण खोला गाविस (लालबन्दी–१४) र परवानीपुर गाविस (लालबन्दी–१५) सडक सञ्जालमा जोडिन नसक्दा स्थानीयको दैनिकी निकै कष्टकर बनेको छ । दुई वडाका नागरिकले व्यवस्थित सडकको अभावमा अत्यन्त विकट 'कर्णाली'को अवस्था महसुस गरिरहेका छन् । यहाँका स्थानीयको लागि वर्षाको खहरे खोला नै हिउँदभरि यातायात चल्ने सडक बनेको छ ।



वर्षाको बेलामा गाउँमा कोही बिरामी परिहाले उपचार गर्न अस्पतालसम्म लैजानसमेत नपाइने लालबन्दी–१५, सिरकालिन्जोर निवासी राम्रीमाया थिङले बताइन् । 'वर्षामा कि त पानी घट्ने समय पर्खनुपर्छ', उनले भनिन्, 'कि त खोलामा ज्यान बाजी लगाएर हेलिनु प¥यो ।' जेठदेखि भदौसम्म यस क्षेत्रमा आउने यातायातको साधन पूर्णरुपमा ठप्प हुने गर्दछ ।

यस अवधिको लागि आवश्यक खाद्यान्नलगायतको सामान पहिला नै जोहो गर्ने चलन छ । अत्यन्त कमजोर भूसतह रहेको चुरेका पहाडमा पछिल्ला केही वर्ष सडक विस्तार नभएका होइन । चुनावमा पहिलो सर्तको रुपमा सडक निर्माणलाई राख्ने र निर्वाचित भए लगतै चुरेमा डोजर कुदाएर नागरिकलाई सुविधाको नाममा विपद्मा पार्ने काम यहाँ पनि निरन्तर भइरहेको छ । यसरी जथाभावि खनिएको ट्र्याकका कारण चुरे पहाड क्षेत्विक्षत् हुने गरी पहिरो गएको स्थानीय बताउछन् ।

पूर्व पश्चिम लोकमार्गबाट केही किलोमिटरको दुरीमा रहेको उक्त गाउँमा पुग्दा कुनै अनकन्टार ठाउँमा पुगेको स्पष्ट अनुभव हुन्छ । यी गाउँ अझै सूचना प्रविधिको पहुँचबाट निकै टाढा छन् । केही ठाउँमा टेलिफोनको नेटवर्क आएपनि सजिलै कुरा गर्न सकिदैन भने अधिकांस स्थानमा नेटवर्क नै आउँदैन् । मोवाइलको टावर पनि राम्रो घामलागेको बेलामा मात्र आउने स्थानीयको गुनासो छ ।

लालबन्दी नगरपालिका–१४, तीन तलेका ६७ वर्षीय सञ्चरसिंह वाइबा भन्छन्, 'यस ठाउँमा बसेको वर्षौं भयो । आफू जन्मेहुर्केको गाउँ ठाउँ चटक छाडेर हिड्न पनि सकिँदैन । विकासका आधारभूत पूर्वाधार नहुँदा जनजीवनमा सुधार आएन । अझै यस क्षेत्रमा विकासको घाम उदाएन ।' उनी २०२८ सालतिर यहाँ बसाई सरेर आएका थिए । सडक नहुँदा वर्षातको समयमा समयमै उपचार नपाएरै केहीले ज्यान गुमाउनुपरेको वाइबा बताउँछन् ।

चुनावमा भोट दिएर जिताएका नेता त्यसपछि फर्किएर नआएको उनको गुनासो छ । यस दुई वडाको भौगोलिक विकटता, फोन, इन्टरनेटलगायतको प्रविधिको सुविधा नभएकाले वडा कार्यालय बजारबाटै सञ्चालन गरिएको छ । लालबन्दी नगरपालिका–१४, का वडाध्यक्ष छेनाम सिंह घिसिङले बताए । यस वडाका नागरिक सेवा लिन एक दिन हिडेर आइपुग्नु पर्ने बाध्यता छ ।

व्यवस्थित सडक नभएकै कारण यस क्षेत्रका नागरिकले वर्षौंदेखि अन्य सुविधा पनि उपयोग गर्न नपाएको लालबन्दी नगरपालिका–१५ का वडाध्यक्ष गोरख बल बताउँछन् । बिजुली, पानी लगायतको सुविधा पटकपटक पु¥याए पनि सडक नभएक कारण दिगो हुन नसकेको उनको भनाइ छ । 'बिग्रिएका संरचना बनाउन जानसमेत सडक छैन्' उनले भने, 'स्थानीयले महिनौंसम्म बिजुली, खानेपानीलगायतको सुविधाबाट बन्चित हुनु परिरहेको छ ।'

'थानीयवासीले लखन्देही र फुलजोर खोलाको डाडाँ भित्तामा रहेका टार खेतमा समयअनुसार मकै, धान, तोरी बेसारलगायत अन्नबाली उत्पादन गर्ने गरेका छन् । आकाशे पानीको भरमा गरिने खेती मौसम प्रतिकुल हुँदा भने उत्पादन नहुने किसानको गुनासो छ ।

विकटतासँगै वैदेशिक रोजगारीका लागि विदेसिने युवाका कारण पछिल्लो समय गाउँघर समेत रित्तिदै गएका कामीटारका शंकर बिश्वकर्माले बताए । 'पहिला राम्रो खेती हुने देखेर हाम्रा बाबु बाजे यहाँ आइपुग्नु भएको हो । तर अहिले मानिसलाई पढाइलेखाइको ज्ञान भयो । सडक, बिजुली, पानी घर–घरमा आउनु पर्यो । त्यसैको खोजीमा अन्यत्र जाँदैछन् । अहिले गाउँ रित्तिने क्रममा छ ।' लालबन्दीको नारायण खोला र परवानीपुर जस्तै हरिवन नगरपालिका–१ र २, बागमती नगरपालिका–१ र ११ का केही गाउँ चुरे पाखामै छन् । यी पाखाहरुसम्म खनिएका ट्र्याक प्रत्येक वर्ष पानी पर्न शुरु भए पनि हिड्नै नमिल्ने गरी बग्ने गरेका छन् । रासस

# १५ वर्षपछि अत्रौलीवासीले पाए खानेपानी



**सर्लाही ।**

सर्लाहीको चुरेक्षेत्रमा पर्ने अत्रौलीका स्थानीयले डेढ दशकको प्रतीक्षापछि खानेपानीको सुविधा पाएका छन् । निर्माण आरम्भ भएको १५ वर्षपछि हरिवन नगरपालिका–२, अत्रौलीका झण्डै पौने तीन सय घरधुरीले खानेपानी सुविधा पाएका हुन् । चुरेको काखमा रहेको साविक अत्रौली गाविसका आधा दर्जन गाउँका स्थानीय पानीको चरम अभाव झेल्न बाध्य थिए । खानेपानीको सुविधा नहुँदा खोलाको पानी पिउनु परेको स्थानीय नवराज मैनालीले बताए । 'पानीको कुनै विकल्प थिएन, १५ वर्षदेखि पानी खान पाइन्छ कि भन्ने आशामा थियौँ, घरघरमै धाराबाट पानी आउन थालेपछि भने सुविधा भएको छ' उनले भने । यसभन्दा पहिले वर्षामा खहरे खेलाको धमिलो पानी पिउने गरेको अर्का स्थानीय पशुपति शर्माले सुनाए । हिउँदमा खोला समेत सुक्दा पानीको चरम अभाव भएको उनले बताए । तर अहिले भेन घरघरमै खानेपानीको धाराबाट पानी झरेपछि स्थानीय हर्षित भएका छन् । सङ्घीय सरकारको लगानीमा २०६६ साल देखि खानेपानी आयोजना शुरु भएको थियो । तर, पर्याप्त बजेट नपाउँदा अलपत्र पर्दै आएको आयोजना १५ वर्षपछि सम्पन्न भएको हो । यहाँका नागरिकलाई पानी खुवाउन सुरु भएको आयोजना ढिलोगरी पूरा भएको वडाध्यक्ष अर्जुनकुमार योञ्जनले जानकारी दिए ।

जनप्रतिनिधिको पहलमा नयाँ बोरिङ र पाइप लाइन विस्तार भएपछि करिब पौने तीन सय घरधुरीले तत्काल पानी उपभोग गर्न सुरु गरेका छन् । हरिवन नगरपालिका–२, का वडाध्यक्ष योञ्जनका अनुसार यस आयोजनालाई आर्थिक वर्ष २०७९–८० मा डिभिजन खानेपानी कार्यालय मलङ्गवाबाट नयाँ बोरिङका लागि बजेट प्राप्त भएको थियो ।

आर्थिक वर्ष २०८०–८१ मा वडाको २० लाख रुपैयाँ र नगर उपप्रमुख हरिमाया घलानको योजनाबाट १० लाख रुपैयाँ बजेट विनियोजन गरी पाइपलाइन विस्तार गरिएको वडाध्यक्ष योञ्जनले बताए । आयोजनाअन्तर्गत दुई हजार लिटर बढी क्षमताको खानेपानी ओभरहेड ट्याङ्की यसअघि नै सङ्घीय सरकारको बजेटबाटै निर्माण सम्पन्न भएको छ । समयमै आयोजना निर्माण सम्पन्न नहुँदा एउटा बोरिङ निर्माण भएर काम नलाग्ने भएर खेर गएको थियो ।

पुनः नयाँ बोरिङ बनाएर पानी वितरण गरेको अत्रौली खानेपानी उपभोक्ता समितिका अध्यक्ष शिवजी महतोले बताए । हाल धमाधम घर–घरमा धारा जडान गरिरहेका उनले जानकारी दिए । यस आयोजनाबाट हरिवन नगरपालिका–२ का मिलनचोक, नयाँबस्ती, जिम्दार टोल, चिसापानी, थाङसिङ्गे टोल र तिनतले गाउँमा खानेपानीको सुविधा पुगेको छ । खानेपानीको समस्याबाट मुक्ति पाउँदा सारा गाउँलेले खुसी भएका स्थानीय हरि बहादुर क्याप्छाकीले बताए ।

हरिवन नगरपालिका–२, अन्तरगतको चुरेगाउँ खोरगाउँ र लालिभत्ती क्षेत्रमा समेत वडा कार्यालयले पाइपलाइन विस्तार गरिदिएपछि लालबन्दी खानेपानी तथा सरसफाई संस्थाबाट करिव डेढ सय घरधुरीमा खानेपानी सुविधा पुगेको छ । खानेपानीको दिगो व्यवस्थापन हुँदा खानेपानीको समस्याबाट मुक्ति पाएको खोरगाउँ र लालभित्तीका स्थानीयको भनाइ छ । रासस

# मोटरसाइकल दुर्घटनामा युवकको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज ।**

बारामा भएको मोटरसाइकल दुर्घटनामा एक युवकको मृत्यु भएको छ । मृत्यु हुनेमा कलैया उपमहानगरपालिका वडा नम्बर ११ का २४ वर्षिय सन्दीपकुमार यादव रहेका छन् । प्रहरीका अनुसार कलैया उपमहानगरपालिका–१६ उत्तरझिटकैयामा बिहीबार राति भएको मोटरसाइकल दुर्घटनामा उनको मृत्यु भएको हो । यादव आफैँले चलाएको लु ९५ प ६३५४ नम्बरको मोटरसाइकल अनियन्त्रित भई सडकमा पल्टिएर दुर्घटनामा परेको थियो । घटनाका बारेमा अनुसन्धान भइरहेको बारा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटाले जानकारी दिए ।

# मधेश लोक सेवा आयोगविरुद्ध रिट

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

मधेश प्रदेश लोक सेवा आयोगविरुद्ध उच्च अदालतमा रिट दायर भएको छ । लिखित परीक्षामा पास भएका ६ जना उम्मेदवारलाई अन्तर्वार्ता परीक्षाबाट वञ्चित गराएको भन्दै आयोगविरुद्ध रिट दायर भएको हो । निर्धारित समयमा उपस्थित नभएको भन्दै ६ जना उम्मेदवारको अन्तर्वार्ता नलिएपछि आयोगविरुद्ध उच्च अदालतमा रिट दायर भएको जनाइएको छ । लिखित परीक्षा पास भएका निरजकुमार मण्डल, सुदिपकुमार यादव, उमेशकुमार साह, वसन्तकुमार यादव, मुकेशकुमार दास र रोशनकुमार दास अन्तर्वार्ताबाट वञ्चित भएका छन् । महोत्तरीको जलेश्वर नगरपालिका ९ लोचनाका उम्मेदवार उमेश कुमार साहका अनुसार एक हजार रुपैयाँको भौचरसहित छुट अन्तर्वार्ताका लागि आफूसहित ६ जनाले निवेदन दिएका थिए ।

उनीहरुको अन्तर्वार्ता हुने भनिएकै दिन आयोगका तत्कालीन अध्यक्ष सुरेन्द्र प्रसाद यादव उमेर हदका कारण पदमुक्त भए । मधेश सरकारले समयमा आयोगका अध्यक्ष नियुक्त नगर्दा आयोगका परीक्षा लगायतका कार्यक्रम ५ महिनासम्म अन्योल रह्यो । ११




साउनमा मुख्यमन्त्री सतिशकुमार सिंहले आयोगको अध्यक्षमा शिवराम यादवलाई नियुक्त गरेपछि कामकारबाही अघि बढ्यो ।

अब अन्तर्वार्ताका लागि बोलाइन्छ भन्ने आशमा रहेका परीक्षार्थीहरु आयोगको भदौ ९ गते जारी गरेको सूचनाले निराश बनाएको बताउँछन् । त्यो सूचनामा लेखिएको छ, 'प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४३ को उपदफा २ तथा प्रदेश लोक सेवा आयोग नियमावलिको नियम २८ को उपनियम २ ले उक्त सम्बन्धमा गरेको व्यवस्था अनुरुप रितपूर्वक प्राप्त भएका नदेखिएकाले निजहरुको माग बमोजिम छुट अन्तर्वार्ता लिन नसकिने व्यहोरा सूचित गरिन्छ ।'

आयोगको यो सूचनापछि महोत्तरीको जलेश्वर नगरपालिका ९ लोचनाका उम्मेदवार उमेश कुमार साहले उच्च अदालतमा रिट दायर गरेका छन् । आयोगको लापरवाहीका कारण आफूहरु अन्तर्वार्ताबाट बन्चित भएको भन्दै पुनः अन्तर्वार्ता दिन पाउनुपर्ने परीक्षार्थीको मागलाई आयोगले भने अस्वीकार गरेको छ ।

# आजपाको केन्द्रीय कमिटी पुनर्गठन





आम जनता पार्टी
AAM JANATA PARTY
केन्द्रीय समिति (Central Committee)
मिति: २०८१/०५/१४
प्रेस विज्ञप्ति

| क्र.स. | जनसंगठनहरुको नाम | इन्चार्ज/ सह-इन्चार्ज | अध्यक्ष |
| --- | --- | --- | --- |
| १. | आई. टी. आर्मी | प्रभु साह | चन्द्र भुषण साह |
| २. | आम ट्रेड युनियन फेडेरेशन | धन कुमारी मगर | शिव थापा |
| ३. | आम सम्पर्क मञ्च | बिल्टु यादव | श्री नारायण साह |
| ४. | आम महिला मोर्चा | देवी पण्डित रेग्मी | कुमारी बबिता |
| ५. | आम विद्यार्थी मोर्चा | उमेश कुशवाहा, सरोज बछार | विवेक साह |
| ६. | आम मुस्लिम मोर्चा | समिना हुसेन | लालबाबु मन्सुरी |
| ७. | आम सांस्कृतिक मोर्चा | बिजय यादव, रचना सिवाकोटी | सरिता साह |
| ८. | आम दलित मोर्चा | चन्देश्वर बैठा | ठागा दास |
| ९. | आम बुद्धिजीवी मोर्चा | उदयचन्द्र प्रसाद | नविन महतो |
| १०. | आम उद्योग वाणिज्य संघ | नारायण श्रेष्ठ | साजन जैसवाल |
| ११. | आम इन्जिनियर्स एण्ड टेक्निकल एशोसियशन | उपेन्द्र साह | गोपाल साह |

+977-9851122163

**मधेशदृष्टि**
**काठमाडौं ।**
आम जनता पार्टी (आजपा)को सम्पन्न केन्द्रीय कमिटी बैठकले केन्द्रीय कमिटी पुनर्गठन गरेको छ । केन्द्रीय कमिटीको अध्यक्षमा प्रभु साह, वरिष्ठ उपाध्यक्षमा तिलक थापा मगर र उपेन्द्र साह रहेका छन् । कमिटीको उपाध्यक्षमा रीतादेवी साह, समिना हुसेन, बिल्टु यादव, ज्ञानेन्द्रकुमार तामाङ, अशोककुमार लामा, महासचिवमा त्रिभुवन साह, उपमहासचिवमा चन्द्रभुषण साह, राजन यादव, सियाराम कुशवाहा, धनकुमारी मगर, सचिवमा बाबुराम कौशिक, श्रीचन्द मुखिया, उमेश कुशवाहा, देवी पण्डित रेग्मी, नारायण श्रेष्ठ, नारायण प्रसाद पाण्डे रहेका छन् ।

यसैगरी स्थायी कमिटी सदस्यहरुमा श्रीलाल महासेठ, कान्तिदेवी महतो, रमेश थपलिया, रबिन्द्रप्रसाद सिंह, गणेश गोतामे, जुरीलाल मोची, सुनिता साह, चन्देश्वर बैठा, बालकृष्ण सापकोटा, परमानन्द बर्मा, धर्मेन्द्र पटेल, भोजराज त्रिपाठी, कदम रसुल, लखिन्द्र साह, प्रदिप पटेल, राधेश्याम साह, उदयचन्द्र प्रसाद, प्रल्हाद पौडेल, श्रीभगवान पटेल, सागर पाण्डे, चन्दन साह, लालबाबु मन्सुरी, बिजय यादव, नरेश तुरहा, बिजय साह, ममता शर्मा, भोला पाण्डे, कुमारी बबिता, शर्मिला महरा, सिमल कुमारी, बबिता यादव, गीतादेवी साह रहेका छन् । यसैगरी सुभद्रा गुप्ता, रञ्जुकुमारी साह, उमाशंकर साह, रामनाथ माझी, पासाङ तामाङ, सरोज कुमार बछार, अञ्जित कुशवाहा, सञ्जय यादव, शिव थापा, ठागा दास, अनिल झा, राजेश साह, सुरेश चौधरी, मिन बहादुर खत्री, किशोर साह, प्रशान्त तिमिल्सिना, देवेन्द्र ठाकुर उपेन्द्र साह लगायतका रहेका छन् । बैठकले पार्टीद्वारा घोषित आन्दोलनका बिभिन्न कामलाई व्यवस्थित गर्नका लागि पार्टीको बिभिन्न संगठनको इन्चार्ज तथा अध्यक्ष हेफेर गरेको छ । आइटी आर्मीको इन्चार्जमा प्रभु साह र अध्यक्षमा चन्द्रभुषण साह, आम ट्रेड युनियन फेडेरेशनको इन्चार्जमा धनकुमार मगर र अध्यक्षमा शिव थापा, आम सम्पर्क मञ्चको इन्चार्जमा बिल्टु यादव र अध्यक्षमा श्रीनारायण साह, आम महिला मोर्चाको इन्चार्जमा देवी पण्डित रेग्मी र अध्यक्षमा कुमारी बबिता, आम विद्यार्थी मोर्चाको इन्चार्जमा उमेश कुशवाहा, सहइन्चार्जमा सरोज बछार र अध्यक्षमा विवेक साह रहेका छन् । यसैगरी आम मुस्लिम मोर्चाको इन्चार्जमा समिना हुसेन र अध्यक्षमा लालबाबु मन्सुरी रहेका छन् । आम सांस्कृतिक मोर्चाको इन्चार्जमा बिजय यादव, सहइन्चार्जमा रचना सिवाकोटी र अध्यक्षमा सरिता साह, आम दलित मोर्चाको इन्चार्जमा चन्देश्वर बैठा र अध्यक्षमा ठागा दास, आम बुद्धिजिवि मोर्चाको इन्चार्जमा उदयचन्द्र प्रसाद र अध्यक्षमा नविन महतो, आम उद्योग बाणिज्य संघको इन्चार्जमा नारायण श्रेष्ठ र अध्यक्षमा साजन जयसवाल, आम इन्जिनियर्स एण्ड टेक्निकल एशोसियशनको इन्चार्जमा उपेन्द्र साह र अध्यक्षमा गोपाल साह, आम जनजाती महासंघको इन्चार्जमा ज्ञानेन्द्रकुमार तामाङ र इन्चार्जमा पासाङ तामाङ, आम भूमिहिन तथा सुकुम्बासी मोर्चाको इन्चार्जमा श्रीचन्द्र मुखिया र अध्यक्षमा रामनाथ माझी, आम किसान मोर्चाको इन्चार्जमा मनोज यादव र अध्यक्षमा अनिल झा, आम शिक्षक संघको इन्चार्जमा बाबुराम कौसिक र अध्यक्षमा सुरेश महतो, आम खेलकुद संघको इन्चार्जमा सियाराम कुशवाहा र अध्यक्षमा राजु साह, आम शहिद तथा बेपता परिवारको इन्चार्जमा श्रीभगवान पटेल र अध्यक्षमा रुपसागर उपाध्याय रहेका छन् ।

आजपाको भदौ ११ र १२ गते काठमाडौंको कमलादी स्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा बसेको केन्द्रीय कमिटीको बैठकले आन्दोलनका विभिन्न कार्यक्रम घोषणा गरेको छ । आजपाले ३ असोजमा सातै प्रदेशमा संविधानको अन्त्येष्टि यात्रा निकाल्ने, दलहरुसँग भोट फिर्ता माग्ने कार्यलाई अभियानको रुपमा अगाडि बढाउने, भ्रष्ट शासकहरुलाई कर बहिष्कार गर्ने, भगौडा दलालहरुको सम्पति कब्जा गरेर राज्यलाई बुझाउने, भ्रष्टाचारीलाई जनकरबाही गर्ने तथा काठमाडौंमा जारी वैदेशिक रोजगार पीडितलाई न्याय दिलाउने संघर्ष र कबाड आन्दोलनलाई थप व्यवस्थित गर्दै तेस्रो जनअन्दोलनको मजबूत आधार खडा गरी सफलताको दिशमा अगाडि बढाउने निर्णय बैठकले गरेको छ । बैठकले पार्टीको विभिन्न विभाग, प्रवास गठन गर्नुका साथै आन्दोलन केन्द्रित नेताहरुको जिम्मेवारी समेत हेरफेर गरेको छ ।

# प्रदूषित पानी बेच्ने चार उद्योग बन्द



**मधेशदृष्टि**
**सर्लाही ।**
प्रदूषित पानी बेच्ने सर्लाहीका चार उद्योग बन्द गरिएको छ । हरिवन र लालबन्दी नगरपालिकाका चारवटा पानी उद्योग बन्द गराइएको छ । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरबाट बिहीबार दिउँसो अनुगमन गर्दा पानी उद्योग नवीकरण नगरिएको र विभिन्न किसिमका लापरबाही गरेको पाइएपछि उद्योग बन्द गराइएको हो । यी चार वटै पानी उद्योगको उत्पादन र बिक्री वितरण तत्काल बन्द गराएर प्रयोगशालामा परीक्षणका लागि पानीको नमुना सङ्कलन गरिएको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरका खाद्य निरीक्षक प्रवीण तिवारीले जानकारी दिए । उनका अनुसार हरिवन नगरपालिका ४ मा रहेको टाइम्स ड्रिलिङ वाटर फुड प्रडक्ट प्रा.लि. तीन वर्षदेखि नवीकरण नभएको र उद्योगको सरसफाइ पनि सन्तोषजनक नभएको पाइएको छ । यस्तै हरिवन नगरपालिका ४ मै रहेको सर्लाही रिफ्रेस ब्रान्डको पानी उत्पादन गर्ने जय हनुमान ड्रिङकिङ वाटर प्रा.लि. ले पनि छ वर्षदेखि अनुज्ञा पत्र नवीकरण नगरेको पाइएको छ । अनुगमन टोलीले लालबन्दी नगरपालिका १ मा जुनैद अन्सारीले दर्ता नै नगरी अखाद्य रङ्ग हालेर कटन क्याण्डी उत्पादन गरिरहेको पाइएपछि उत्पादित कटन क्याण्डी र मेसिनसमेत बरामद गरिएको छ । अनुगमनका क्रममा अखाद्य रङ (रोडामाइन बी) हालेर कटन क्याण्डी बनाइरहेको भेटिएको छ ।

त्यसै गरी अनुज्ञा पत्र नै देखाउन नसकेपछि लालबन्दी नगरपालिका–२, जुटपानीमा सिरीष ब्रान्डको पानी उत्पादन गर्ने नेशनल वाटर प्रा.लि. बन्द गराइएको छ । प्रशोधित पानी बनाउँदा मेसिनको प्रयोग गर्नुपर्नेमा यस उद्योगमा हातबाटै पानी भर्ने काम गर्ने गरेको पाइएको अनुगमन टोलीले जनाएको छ । जुट पानीमै तृष्णा ब्रान्डको पानी उत्पादन गर्ने शिव पार्वती वाटर एन्ड बेभरेजले नवीकरण नगरी सञ्चालन गरेको पाइएको छ । बन्द गरिएका चार वटै पानी उद्योगको पानीको नमुना जनकपुर लगेर प्रयोगशालामा परीक्षण गरेपछि जाँच परीक्षण रिपोर्ट अनुसार कारबाही गरिने खाद्य निरीक्षक तिवारीले बताए ।

# आयम निगमको डिपोमा वर्माको हत्या

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको क्षिरेश्वरनाथ नगरपालिका महेन्द्र नगरमा रहेको नेपाल आयम निगमको डिपोमा एक जनाको हत्या गरिएको छ । जिल्ला प्रहरी कार्यालय धनुषाले दिएको जानकारी अनुसार सिरहा नगरपालिका ३ मखनाहाका ४० वर्षिय राकेश वर्माको हत्या भएको छ ।

शुक्रबार वर्माको हत्या भएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्त रञ्जन अवाले जानकारी दिए । घटनामा संग्लन रहेको आरोपमा प्रहरीले प्रकाश यादवलाई पक्राउ गरेर घटनाको अनुसन्धान गरिरहेको जनाएको छ । प्रहरीले वादविवादको क्रममा साथीको हत्या गरेको प्रहरीले जनाएको छ । फोहोर उठाउने विषयमा विवाद हुँदा ज्यालादारीमा काम गर्ने अर्का कर्मचारी प्रकाश यादवले बेल्चाले प्रहार गर्दा बर्माको मृत्यु भएको प्रहरीले जनाएको छ ।

# पाण्डेको हत्या अभियोगमा शाह पक्राउ



**वाशिङ्टन डिसी (अमेरिका) ।**
प्रहरीले नेपाली विद्यार्थी २१ वर्षीया मुना पाण्डेको हत्याका अभियोगमा टेक्सास राज्यबाट ५१ वर्षीय बवी सिंह शाहलाई पक्राउ गरेको छ । पाण्डेको टेक्सासको हयुष्टनमा गत शनिबार हत्या भएको बताइएको छ । पाण्डेको हत्याका अभियोगमा शाहलाई पक्राउ गरी तस्बिरसमेत सार्वजनिक गरेको प्रहरीले जनाएको छ । हयुष्टन पुलिस डिपार्टमेन्टले ६३६३ वेष्ट एयरपोर्ट ब्लुवर्डमा गत सोमबार साँझ ५ः३५ बजे पाण्डेको शव उनकै अपार्टमेन्टमा फेला पारेको थियो । प्रहरीलाई अपार्टमेन्टको स्टाफले फोन गरेर जानकारी दिएको र सोही जानकारीका आधारमा अपार्टमेन्टमा प्रहरी टोली सोमबार पुगेका जनाइएको छ । त्यहाँ उनीहरूले गोलीको प्रहारपश्चात निधन भएकी एक युवतीको शव बरामद गरेका थिए । पछि उनीहरूले पाण्डे भएको जानकारी गराएका थिए । प्रहरीले बुधबार मात्र शङ्कास्पद व्यक्तिको तस्विर सार्वजनिक गरेको थियो । सोही दिन साँझ संदिग्ध शाहलाई गिरफ्तार गर्न सफल भएका थिए । नेपाली समुदायका अगुवाहरूले मुनाको न्यायको लागि प्रयास गरिरहने र संदिग्ध व्यक्तिलाई अधिकतम सजायको माग गरेका छन् । रासस

# अंश नपाएको भन्दै स्व.फकिराका छोरा विनोद दम्पति आमरण अनशनमा



**मधेशदृष्टि**
**वीरगंज ।**
जीतपुरका चर्चित समाजसेवी स्वर्गिय फकिरा गिरी परिवारको जग्गा विवाद अदालत हुँदै आमरण अनसनसम्म आईपुगेको छ । जीतपुर सिमरा उपमहानगरपालिका–७ का विनोद गिरी पत्नीसहित आमरण अनशनमा बसेका छन् ।

जीतपुरसिमराका चर्चित समाजसेवी स्व. फकिरा गिरीका छोराहरुबीच अंश विवादलाई लिएर विनोद गिरी श्रीमती मालतीसहित आमरण अनशनमा बसेका छन् । स्व. फकिरा गिरीका दुई श्रीमतिबाट ८ छोरा छन् । जेठी श्रीमतितर्फका ३ छोरामध्ये विनोद माइलो हुन् । कान्छी पट्टिका पाँच छोराहरु छन् । अंशका लागि विनोद अदालतबाट पराजित भएपछि सपरिवार अमरण अनशनमा बसेका छन् ।

विनोद दम्पति पुस्तौनी घर अगाडी गत मंगलबारबाट अनशनमा बसेका छन् । आमरण अनशनमा बसेकी विनोदी गिरीकी श्रीमति मालती गिरीको शुक्रबार स्वास्थ्य अवस्था विग्रिदै गएपछि अनशन स्थलमै उपचार भईरहेको छ, उनलाई स्लाइन पानी दिइएको छ । अनशनस्थलमा राखिएको ब्यानरमा कान्छी पट्टिका छोरा राजु राज गिरीको नाम मात्र उल्लेख गरि उनीहरु अनशनमा बसेका छन् ।

श्रीमति सहित अनशनमा बसेको र बाबुको सम्पतिबाट आफूले १ विगाहा १८ कठ्ठा पाउनु पर्ने माग दाबी गर्दै दाजुभाईले आफ्नो अंश मारेको आरोप विनोदले लगाएका छन् । आफुले पाउनु पर्ने अंश नदिएसम्म अनशन नतोड्ने उनीहरुले बताएका छन् ।

## के भन्छन् राजु राज गिरी



अनशन बसेका दाजु भाउँजुमध्ये भाउजुले आफूलाई बदनाम गर्न मात्र यस्तो अनशनको नाटक गरेको बताएका छन् । उनले भने, 'बिनोद दाइ अनशनमा हुनुहुन्छ । बाँकी ७ जना दाइभाइ छौँ हामी । तर, अनशनस्थलमा राखिएको ब्यानरमा मेरो नाम मात्र लेखिएको छ । यसले के स्पष्ट हुन्छ भने उहाँहरु मविरुद्ध राजनीति प्रतिशोध साध्न यो गरिरहनुभएको छ । यदि अंश दिएका छैनौं भने बाँकी भाइको नाम खोई ?', उनले थपे, 'मालती भाउँजुले अंशको आडमा कुनै अमुक व्यक्तिले उचालेर मविरुद्ध यस्तो कार्य गरिरहनु भएको छ ।'

जीतपुर सिमराकै एक जना निर्वाचित जनप्रतिनिधिले आफूविरुद्धको राजनीतिक प्रतिशोध साध्न उनीहरुलाई अनशन बस्न लागएको राजुराज गिरीको आरोप छ । उनले भने, '२०५१ साल मै बुवाआमा जिउँदै हुँदै दाइलाई १५ कठ्ठा जग्गा र २ लाख रुपैयाँ दिएका हौँ । उहाँले आफ्नो अंश पाइसक्नु भएको छ । अदालतले पनि हाम्रो पक्षमा फैसला गरेको छ । यसबारेमा भन्नुपर्ने धेरै कुराहरु छन् तर हाम्रो बुवाले बनाउनु भएको सामाजिक छविलाई हामी धुमिल पार्न चाहन्नौँ । गाउँ समाजमा सबैलाई थाहा छ । को कस्तो हो भनेर । उहाँमाथि अन्याय भएको छ भने गाउँसमाजले यो कुरा किन भन्दैन्, उहाँको पक्षमा बोल्ने कोही छैन किन भने उहाँहरुको बारेमा सबैलाई थाहा छ ।'




# योगेशले संकटकालमा हतियार किनबेच र चन्दा असुलेको माओवादीको आरोप



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
गत बुधबार नेकपा एमालेका सचिव एवम् प्रतिनिधि सभाका सदस्य योगेशकुमार भट्टराईले तत्कालीन संघर्षलाई हिंसा भनेको कुरालाई लिएर नेकपा (माओवादी केन्द्र) को आक्रोश थामिएको छैन ।

बुधबार र बिहीबार संघीय संसद्बाट प्रतिकारमा उत्रिएको माओवादीले प्रदेशबाट पनि योगेशमाथि हमला गरेको छ । माओवादीका कोशी प्रदेश सभा सदस्य इन्द्रबहादुर आङ्बोले भट्टराईले संकटकालमा नक्कली माओवादी बनेर हतियारको कारोबार र चन्दा असुलेको आरोप लगाएका छन् । शुक्रबार कोशी प्रदेश सभाको बैठकमा बोल्दै उनले संकटकालमा नक्कली माओवादी बनेर चन्दा असुली र हात हतियारको कारोबार गरेका योगेशले जनयुद्धलाई हिंसा भनेको भन्दै आपत्ति जनाए । उनले योगेशलाई 'एमालेको शरणार्थी' संज्ञा दिँदै तिखो टिप्पणी गरे ।

योगेशले माओवादीलाई लगाएको आरोप एमालेले संस्थागत रुपमा नस्वीकारेको उनको जिकिर छ । एक जना शरणार्थीको आरोपलाई माओवादीले ठूलो कुरा नमानेको भन्दै आङ्बोले कटाक्ष गरे । यसलाई माओवादीले आवश्यक परेका बेला प्रतिवाद गर्ने उनले बताए । 'हामी लडेकाले जनयुद्ध भनौँला । प्रधानमन्त्रीज्यूले संविधानको मर्मअनुसार सशस्त्र द्वन्द्व भन्नुभएको छ । हामी स्वीकार्छौं । तर, एकजना माननीयज्यू, संकटकालमा हतियार, खरखजनाको कारोबार गर्नुहुन्थ्यो । उहाँले हतियारको काम नक्कली माओवादी बनेर गर्नुभयो । नक्कली माओवादी बनेर चन्दा असुलीको धन्दा गर्नुभयो', उनले भने, 'उहाँ माननीयज्यूले यो क्रान्तिलाई हिंसा भन्नु भएको छ ।

हामीलाई मान्य छैन, संस्थागत रुपमा त्यो दलले पनि स्वीकारेको छैन । एक जना शरणार्थीले यो आन्दोलनको गरिमामाथि गरेको प्रहारलाई सामान्य लिएका छौनौँ । संस्थागत रुपमा त्यो दलले भनेको होइन, एक शरणार्थीले बोलेको कुरालाई ठूलो रुपमा लिँदैनौँ । आवश्यक पर्दा प्रतिवाद गर्छौं ।'

आङ्बोले गिरीबन्धु टी स्टेट प्रकरणमा कांग्रेस–एमालेले एकअर्कालाई लगाएको आरोपमा छानबिन माग गरेका छन् ।

कांग्रेसले एमालेलाई ३४१ विघा जग्गामा आरोप लगाएको र प्रधानमन्त्री केपी शर्मा ओलीले पनि कांग्रेसले ७० बिघा बेचेर खाएको भनी आरोप लगाएकाले छानबिन आवश्यक रहेको उनले बताए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन